# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


च.न.:–

मिति:– २०७०।१२।७

विषय:– **आर्थिक वर्ष २०६९।७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय,
सोलुखुम्बु ।

१ **लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(२) को व्यवस्था अनुसार कार्यालयको आर्थिक वर्ष २०६९।७० को विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य कारोबारको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस कार्यालयको लेखापरीक्षणबाट देखिएका व्यहोराहरुका सम्बन्धमा कार्यालयका पदाधिकारीहरुसंग मिति २०७०।६।५ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु समावेश गरी २०७०।६।६ मा प्रारम्भिक प्रतिवेदन पठाइएकोमा मिति २०७०।८।२१ मा कार्यालयबाट प्राप्त जवाफ समेतका आधारमा कायम भएका व्यहोराहरु समावेश गरी अन्तिम प्रतिवेदन प्रेषित गरिएको छ ।

२ **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** – कार्यालयको वित्तीय विवरण तयार गर्ने र पर्याप्त खुलासा सहित सो प्रस्तुत गर्ने जिम्मेवारी स्थानीय विकास अधिकारीको रहेको छ । पर्याप्त लेखा अभिलेख राख्ने, वित्तीय विवरण, जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण गर्ने र कार्यालयको सम्पत्तिको संरक्षण र परिचालन गर्ने दायित्व व्यवस्थापनको रहेको छ ।

३ **लेखापरीक्षकको जिम्मेवारी** – प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षण मान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्नु लेखापरीक्षकको जिम्मेवारी रहेको छ । व्यावसायीक आचारसंहिताको पालना गरी वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुत भएको छ भनी आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी जोखिमका आधारमा तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने जिम्मेवारी रहेको छ ।

४ **लेखापरीक्षणको उद्देश्य** – विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार समेतको वित्तीय विवरणको लेखापरीक्षण गरी पर्याप्त र उचित प्रमाणका आधारमा कानूनको पालना भए नभएको र वित्तीय विवरणको प्रस्तुती यथार्थ रहे नरहेको विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

५ **लेखापरीक्षणको क्षेत्र** – जिल्ला विकास समितिको कार्यालयमा प्राप्त विनियोजित रकम, राजस्व, धरौटी, कोष र अन्य आयको आर्थिक कारोबार, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन लगायत २०६९।७० का क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समाविष्ट गरिएको थियो ।

६ **लेखापरीक्षणको पद्धति र सीमा** – कार्यालयले सञ्चालन गरेका कार्यक्रम तथा आर्थिक कारोबारको जोखिमको आधारमा परीक्षण, स्थलगत अवलोकन, छलफल सहित पद्धतिमूलक लेखापरीक्षण प्रणालीलाई अवलम्बन गरिएको थियो ।

लेखापरीक्षण, लेखा र आन्तरिक नियन्त्रणका अन्तरनिहित सीमितता तथा लेखापरीक्षणको प्रकृतिका कारण केही उल्लेखनीय त्रुटीहरु पत्ता नलाग्ने अवस्था भने विद्यमान रहने हुन्छ ।

७ **कार्यालयका जिम्मेवार पदाधिकारी**

**कार्यालय प्रमुख** : स्था.वि.अ. श्री चिरन्जीवि तिंसीना, श्री तिर्थराज भट्टराई

**लेखा प्रमुख** : श्री रुद्र प्रसाद दाहाल

८ **आय–व्यय सारांस –** (विस्तृत विवरण अनुसूची–१ मा संलग्न छ ।)

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको विनियोजन | आन्तरिक आय | अन्य | जम्मा | विनियोजनबाट खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| २८२६३ | २५२८२३ | ३६७९२ | २११६९ | ३३९०४७ | २५२८२३ | ४१२८८ | २९४१११ | ४४९३६ |

९ **बेरुजूको व्यहोराहरुको अवस्था**

| प्रारम्भिक प्रतिवेदन | | | जवाफबाट हटेको | | | जवाफ समेतका आधारमा कायम बेरुजू | | | बेरुजू बर्गीकरण (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | सैद्धान्तिक दफा | लगती दफा | रकम | असुल गर्नुपर्ने | अनियमित | पेश्की | | |
| | | | | | | | | | | | कर्मचारी | अन्य | जम्मा |
| ३५ | ४८ | ११२०४७ | - | - | २६१६ | ३५ | ४८ | १०९४३१ | ३२२६४ | १०२६५ | ० | ६६९०२ | ६६९०२ |

१० **बेरुजू फछ्र्यौट र सम्परीक्षण –** कार्यालयबाट पेश भएका गत विगतका बेरुजूमध्ये कार्यालयबाट फछ्र्यौट भई सम्परीक्षणका लागि पेश भएको रु.४ करोड ७७ लाख ८२ हजारमा रु.३ करोड ५७ लाख ५६ हजार लगत कट्टा गरी फछ्र्यौटको जानकारी पठाइएको र रु.१ करोड २० लाख २६ हजार फछ्र्यौट हुन नसकेको स्थिति रहेको छ । साथै यो वर्ष २०७०।६।६ मा उपलव्ध गराइएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित फछ्र्यौट गर्न बाँकी व्यहोराका सम्बन्धमा समेत ऐन नियममा भएका व्यवस्था बमोजिम फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोरा

११ **आर्थिक सहायता** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५३ मा ऐनको दफा २२२ को उपदफा (२) को प्रयोजनको लागि स्वीकृत बजेटको परिधि भित्र रहि जिल्ला विकास समितिको ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको गत वर्षको यथार्थ कुल रकमको वार्षिक अधिकतम एक प्रतिशत वा एक लाख रुपैया मध्ये जनु कम हुन्छ सो रकम सभापतिले आर्थिक सहायतामा खर्च गर्न सक्नेछ । यसरी खर्च गरिएको रकम मासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ भन्ने उल्लेख छ ।यस जिल्ला विकास समितिबाट गत वर्ष राजस्व बाँडफाँडबाट प्राप्त रकम समेत रु ८६,०८,२४५।२५ आम्दानी भएकोमा सो अनुरुप रु ८६०८२।४५ आर्थिक सहायता वापत खर्च लेख्न मिल्नेमा रु ७११८००। खर्च लेखेकोले बढी खर्च रु. ६२५७१७.५५ लेखेको देखिन आयो । यसरी बढी खर्च गर्दा पुँजीगत कार्य हुन नसक्ने हुँदा यस्तो खर्चमा नियन्त्रण हुनु पर्ने देखियो ।

**कार्यालयको जवाफ-** आन्तरिक श्रोत न्यून उठ्ने दुर्गम जिल्लाको कारण आर्थिक सहायता दिनुपर्ने कारण बढी खर्च हुन गएको कार्यालयले जनाएता पनि नियममा तोकेको सिमा नाघी खर्च लेख्न मिल्ने देखिदैन ।

१२ **प्रशासनिक खर्च** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा ऐनको दफा २२२ को उपदफा (७) को प्रयोजनको लागि जिल्ला विकास समितिको स्वीकृत बजेटको परिधिभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क र दस्तुर र भाडाबाट उठाएको कुल रकमको रु २५ लाख सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम साठी प्रतिशत, पच्चीस देखि

पचास लाख रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम चालिस प्रतिशत, पचास लाख देखि एक करोड रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले तिस प्रतिशत र एक करोड रुपैया भन्दा बढी आम्दानी हुने जिल्ला विकास समितिले पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइदैन भन्ने उल्लेख छ । यस कार्यालयमा यो वर्ष आन्तरिक आयबाट रु ४९४२५८।- मालपोत रजिष्ट्रेसनबाट प्राप्त रु ७७,३८,४७८।६० समेत रु ८२,३२,७३६।६० आम्दानी भएकोमा सोही अनुरुप रु २४,६९,८२०।९८ खर्च गर्नु पर्नेमा रु ४७,७१,९४३।- खर्च गरेको देखियो । तोकिएको सिमा भन्दा बढी खर्च गर्दा निर्माण कार्यमा असर पर्ने देखिन्छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । तोकिएको सिमा भन्दा बढी खर्च रु २३०२१२२.०२ नियमित देखिएन ।

**कार्यालयको जवाफ-** आन्तरिक श्रोत न्यून उठ्ने नियमानुसार तलब भत्ता उपलब्ध गराउन तोकिएको सीमा भित्रबाट नपुग्ने कार्यालयले जनाएता पनि नियममा तोकेको सिमा नाघी खर्च लेख्न मिल्ने देखिदैन ।

१३ **<u>भैपरी आउने खर्च :</u>** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा ऐनको दफा २२४ को उपदफा (२) को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको एक प्रतिशत सम्म रकम भैपरी आउने विकास निर्माण कामको लागि खर्च गर्न सकिनेछ भन्ने उल्लेख छ । यस कार्यालयमा यो वर्ष आन्तरिक आयबाट रु ४९४,२५८।- र राजस्व वाँडफाँडबाट प्राप्त रकम रु ७७,३८,४७८।६० समेत जम्मा रु ८२,३२,७३६।६० आम्दानी भएकोमा सो अनुरुप रु ८२,३२७।३६ खर्च गर्नुपर्नेमा रु ६,५६,८३५।- खर्च गरेकोले रु ५,७४,५०७।६२ बढी खर्च गरेको देखिन आयो । यसरी बढी खर्च गर्दा निर्माण कार्यमा प्रभाव पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण हुनपर्ने देखिन्छ । नियममा उल्लेख भए भन्दा बढी खर्च रु. **५७४५०७.६३** गरेको नियमित देखिएन ।

**कार्यालयको जवाफ-** आन्तरिक श्रोत न्यून उठने कारण तोकिएको सीमा भित्रबाट नपुग्ने कार्यालयले जनाएता पनि नियममा तोकेको सिमा नाघी खर्च लेख्न मिल्ने देखिदैन ।

१४ **<u>ठेक्का बन्दोवस्त :</u>** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आहवान गरी स्वीकृत गर्ने स्थानिय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामाग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई समेत ध्यान दिनुपर्दछ । कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकाय संग लिनु पर्ने सहयोग र स्वीकृतबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्दछ भन्ने उल्लेख छ । यस कार्यालयबाट यो वर्ष विभिन्न आयोजनामा निर्माण कार्य गर्न ११ वटा ठेक्का बन्दोवस्त भएकोमा सम्पुर्ण ठेक्का बन्दोवस्त तेश्रो चौमासिक अवधिको अन्तमा अर्थात जेष्ठ महिनाको शुरुमा सुचना प्रकाशन गरी जेष्ठको अन्तमा ठेक्का बन्दोवस्त भएको देखियो । स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदाँ नं. ५२.१ (ट) मा प्रत्येक वर्षको बैशाख मसान्त पछि नया योजनामा सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाइनेछैन भन्ने उल्लेख छ । आर्थिक वर्षको अन्तमा ठेक्का बन्दोवस्त गर्दा निर्माण कार्यको सुपरभिजनमा समस्या हुने, हतार हतारमा कार्य सम्पन्न गर्नु पर्ने जस्ता समस्या आउने हुदाँ समयमै ठेक्का बन्दोवस्त गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

१५ प्रतिस्पर्धा स्थिति : यस कार्यालयबाट विभिन्न योजनामा निर्माण कार्य गर्न सिलबन्दी बोलपत्र र वोलपत्र आहवान गरी ठेक्का बन्दोवस्त भएकोमा बोलपत्र फाराम पर्याप्त रुपमा विक्रि भएता पनि सो अनुरुप दर्ता नभई लागत अनुमानको हाराहारीमा ठेक्का बन्दोवस्त भएको देखियो । ठेक्का बन्दोवस्तको स्थिति देहाय बमोजिम छ । यसवाट ठेक्का प्रक्रिया प्रतिष्प्रर्धि छ भन्न सक्ने अवस्था रहेन ।

(रु हजारमा)

| योजनाको नाम | विक्रि संख्या | दर्ता संख्या | निर्माण व्यवसायी | लागत अनुमान | ठेक्का रकम |
|---|---|---|---|---|---|
| लिला सल्यान नेचा विहिबारी | २० | २ | पंचकन्या कालिका निर्माण सेवा | १५९३ | १५९२ |
| फाप्लु रातानाङ्गे घुम्ने मेरा बासा | २० | १ | नमस्ते निर्माण सेवा | ९३१ | ९२४ |
| फाप्लु सुर्के बेनी टाक्टोर सडक | २० | १ | नमस्ते निर्माण सेवा | ९३० | ९२५ |
| सल्लेरी सेलगुढी डाडा बासा सकड | २० | १ | एस एन कन्सट्रक्सन | ८८५ | ८८४ |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

१६ **योजना सम्झौता** : स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदा न. ५१ (ट) मा प्रत्येक आर्थिक बर्षको बैशाख मसान्त पछि नया आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाइने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियम भन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई कानुन बमोजिम कारवारी हुनेछ भन्ने उल्लेख छ । यस कार्यालयबाट अधिकांस योजनामा बैशाखको अन्त्यमा वा जेठ महिनामा निर्माण कार्य वा अन्य कार्य गर्न सम्झौता गरेको देखिन आयो । अत समयमै सम्झौता गरी निर्माण कार्य गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । उदाहरणार्थ : -

| कार्यक्रमको नाम | जेष्ठमा सम्झौता भई भुक्तानी भएको | |
|---|---|---|
| | योजना संख्या | खर्च |
| पर्यटन रोयल्टी | ९ | १३३१०००।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

१७ **उपभोक्ता समिति :** स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०६४ को नियम १५५ मा उपभोक्ता समितिबाट काम गराउने र सो सम्बन्धी पुरा गर्नु पर्ने प्रक्रियाका सम्बन्धमा उल्लेख छ। उपभोक्ता समितिबाट कार्य गराई खर्च लेखेकोमा देहाय अनुसार देखिन आयो ।

**क**) उपनियम १ मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएता पनि स्थानिय स्तरमा संचालन हुने आयोजना मध्ये पैतिस लाख रुपैया सम्मका लागत अनुमानका कार्यक्रम स्थानिय उपभोक्ता समुह द्वारा गठित उपभोक्ता समिति द्वारा गराउन प्राथमिकता दिनु पर्नेछ भन्ने उल्लेख छ । यस कार्यालयबाट संचालित योजनाको स्थिति हेर्दा कतिपय योजनाको लागत रु ६० लाख भन्दा बढी भएता पनि उपभोक्ता मार्फत गराएको र कतिपय कार्यको लागत अनुमान रु ६० लाख भन्दा कम भएता पनि ठेकेदार मार्फत गराएको दखियो । नियमावलीमा भएको व्यवस्थालाई अनुसरण गर्न कार्यालयको ध्यान जानु पर्दछ । उदाहरणार्थ : -

| कार्यक्रम | योजनाको नाम | लागत अनुमान | निर्माण कार्यको माध्यम |
|---|---|---|---|
| पर्यटन रोयल्टी | सल्लेरी तामाखानी चौलाखर्क | ६२०७८९४।८४ | उपभोक्ता समिति मार्फत |

| | | | |
|---|---|---|---|
| जि.वि.स. पुजीगत | कागेल एअरपोर्ट सिमखर्क | ४९९७४५।०० | ठेकेदार मार्फत |
| जि.वि.स. पुजीगत | कागेल देविस्थान राइगाउ वाक्तिम | ४९९७४५।०० | ठेकेदार मार्फत |
| भारतिय सहयोग | खुम्जुङ खानेपानी योजना | ४४५११६०५।० | उपभोक्ता समिति मार्फत |
| कृषि सडक | रामेछाप देउराली सडक | ४९९६२५।०० | ठेकदार मार्फत |

**ख**) उपनियम (२) मा उपभोक्ता समितिबाट काम गराउने प्रयोजनको लागि स्थानिय निकायले उपभोक्ता समितिलाई विषयगत रुपमा वर्गीकरण र सुचिकृत गरी उनीहरुको लगत अध्यावधिक गर्नुपर्नेछ भन्ने उल्लेख भएकोमा सो अनुरुप गरेको देखिएन ।

**ग**) उपनियम ५(१घ) मा उपभोक्ता समितिबाट काम गराउँदा स्थानिय व्यक्ति मध्ये पुरा ज्यालामा काम गर्ने कम ज्यालामा काम गर्ने वा ज्यालै नलिई काम गर्नेहरुको सम्बन्धमा छुटाछुट्टै स्पस्ट अभिलेख राख्नु पर्नेछ भन्ने उल्लेख भएकोमा सो अनुरुप गरेको देखिएन ।

**घ**) उपनियम ५ (१ङ) मा उपभोक्ता समितिले निर्माण सम्बन्धि काम सम्पन्न गरी सकेपछि प्राविधिकबाट नाप जाँच गराई उक्त कार्यको लागि प्राप्त रकम र जनसहभागीताबाट व्यहोरेको श्रम वा नगद वा जिन्सी समावेश भएको कुल खर्चको विवरण र बहुमत उपभोक्ता समुहको उपस्थिति र निर्णयको प्रमाणित प्रतिलिपि समेत स्थानिय निकायमा पेश गर्नु पर्नेछ । यसरी विवरण प्राप्त भएपछि स्थानिय निकायले आवश्यक ठानेमा सार्वजनिक परिक्षण समेत गराई सो सहितको अभिलेख खडा गर्नुपर्नेछ भन्ने उल्लेख छ । उपभोक्ता समितिबाट निर्णयको प्रतिलिपि पेश हुने भएता पनि जि.वि.स.बाट प्राप्त भएको रकम अध्यावधिक रुपमा उल्लेख हुने गरेको देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

१८ **खाता रोक्का** : निर्माण कार्यको भुक्तानी दिदा उक्त कार्य भएको परिमाण र रकम नापी कितावमा चढाई जिम्मेवार व्यक्ति र उपभोक्ता समितिबाट समेत नापी कितावमा हस्ताक्षर गरी सम्पन्न कामको ठेक्का विल लगायतका विल भरपाई समेत उपभोक्ताबाट लिएर भुक्तानी दिनुपर्नेमा आर्थिक बर्षको अन्त्यमा उल्लेखित व्यहोरा अनुसार नगरी बजेट फ्रिज नगराउने उद्देश्यले निम्न उपभोक्ता समितिलाई पेश्की समेत नजनाई सम्बन्धित उपभोक्ता समितिको खातामा रकम जम्मा गरि खाता रोक्का राख्न राष्ट्रिय वाणिज्य बैंक सल्लेरीलाई मिति २०७०/०४/०४ मा पत्र पठाएको छ । खाता रोक्का खाखिएका उपभोक्ता समितिले काम सम्पन्न गर्ने अवधि २०७० असारमा नै सकिइ सकेको छ भने काम सम्पन्न गर्ने अवधि बढाउने तर्फ लेखापरिक्षण अवधि २०७०।०६।०६ सम्म कुनै कारवाही भएको छैन । भुक्तानी दिई खाता रोक्का राख्ने कार्य नियमित देखिएन ।

| उपभोक्ता समितिको नाम | अन्तिम किस्ता | कुल रकम |
|---|---|---|
| प्रगतिशिल पारालिगल कमिटि | ६४९००।०० | ९७९००।०० |
| हिमालचुलि महिला श्रीजनशिल बचत तथा ऋण सहकारी संस्था | ६७०००।०० | १०००००।०० |
| अमर ज्योति निमावि, गुदेल | ६५०००।०० | १०००००।०० |
| भिमशेनस्थान कुलो संरक्षण, काँगेल | १२५०००।०० | १९००००।०० |
| जन्म ज्योति प्रा.वि., नेचा | ३१८०००।०० | ४७५०००।०० |
| आदिवासी जनजाती महासंघ, गाउँ समन्वय समिति, तिङला | १३४०००।०० | २०००००।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

१९ **कन्टीजेन्सी र प्रशासनिक खर्च :** स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदा नं. १४ मा स्थानिय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारीता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पुँजीगत लगानीको ५ प्रतिशत कन्टीजेन्सी वापत रकम छुट्याउन पाउने उल्लेछ । कन्टीजेन्सीको खर्चको हिसाव अनुसुचि १० बमोजिमको ढाँचामा राख्नु पर्नेछ भन्ने उल्लेख छ । मन्त्री परिषदको २०७०।०१।१५ को निर्णय अनुसार कन्टीजेन्सी वापतको रकम मध्येबाट २.५% रकम आवश्यकता अनुसार फर्निचर सवारी साधन मेशिनरी औजार जस्ता पुँजीगत निर्माण सम्बन्धि शिर्षकमा अर्थ मन्त्रालयबाट सेद्धान्तिक स्वीकृत लिई खर्च गर्नू पर्ने उल्लेख छ । यस कार्यालयबाट विभिन्न योजनामा देहाय बमोजिमको कन्टीजेन्सी खर्च र जिल्ला विकास समिति चालु खर्च अनुदानबाट देहाय बमोजिम खर्च गरकोमा निम्नानुसार देखियो ।

मसलन्द र कन्टीजेन्सी खर्चको विवरण उदाहरणार्थ :

| कार्यक्रमको नाम | मसलन्द अफिस सामान | भैपरी चियापान | दैनिक भ्रमण भत्ता | मोटर मर्मत | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|
| जि.वि.स. अनुदान चालु खर्च | ८१३३६३.०० | २४३९३०.० | ११७५९६०.०० | १५५०००.० | | प्रशासनिक खर्च |
| जि.वि.स. अनुदान पुाजीगत खर्च | - | ५०८९६५.० | ८६८२८७.०० | - | १०२६००.०० | १४७९८५२.०० |
| मालपोत रोयल्टी | ७५०७००.०० | ५३६२६५.०० | ३९१०००.०० | १०१६७०३.० | ७३५२६५.०० | प्रशासनिक खर्च |
| आन्तरिक कोष | ९०४८०.०० | १२०५७०.० | - | - | ६११६०.०० | प्रशासनिक खर्च |
| पर्यटन रोयल्टी | १००००.०० | - | - | - | १२०९६५.०० | |
| ब.उ.शि.न. ३६५०१५३ | ५००००.०० | - | - | - | - | |
| ब.उ.शि.न. ३६५८१२३ | २२१५००.०० | - | २८५००.०० | - | - | २५००००।०० |
| ब.उ.शि.न. ३६५८०८४ | ९९९१५.०० | - | - | - | - | ९९९१५।०० |
| ब.उ.शि.न. ३६५८०८३ | १०४२६०.०० | १९२५०.०० | ६०८००.०० | - | २५०५०.०० | २०९३६०।०० |
| ब.उ.शि.न. ३६५८०९३ | १११४७५.०० | - | ४७८३०.०० | ५३३००.०० | ९६५८३९.० | ११७८४४४।०० |
| गा.वि.स. कन्टीजेन्सी | २९८०००.०० | १३३०००.०० | - | - | - | प्रशासनिक खर्च |

**क**) स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियय ७१ मा स्थानिय निकायले रु पाँच हजार भन्दा बढीको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने र दुर्गम क्षेत्रमा आन्तरिक राजस्व कार्यालयबाट कुनै पनि फर्म वा विक्रेताले मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लिएको रहेनछ भने सो जिल्लाको लागि सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिमको समितिले तयार पारेको आपुर्ति कर्ताको सुचिमा रहेका आपुर्तिकर्ताबाट दश लाख रुपैया सम्मको खरिद गर्न सकिने छ भन्ने उल्लेख छ । यस जिल्लमा मु.अ.करमा दर्ता भएको फर्म नरहेको भन्ने जवाफ दिएता पनि सुचि तयार गरेको देखिएन । यस जिल्ला बाहेक अन्यत्र जिल्लाबाट खरिद भएकोमा मु.अ.करमा दर्ता भएको फर्मबाट खरिद गर्न सकिनेमा उक्त स्थानमा पनि मु.अ.करमा दर्ता नभएको विकेताबाट खरिद गरेको देखिन्छ । खरिद सामान जिन्सी

दाखिला गरेतापनि खाता प्रमाणित नगरेको र सामान प्राप्त भएको ७ दिन भित्र जिन्सी दाखिला गर्नु पर्नेमा सो अनुरुप दाखिला समेत नगरेकोले आन्तरिक नियन्त्रण नहुने हुँदा यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ। मुल्य अभिवृद्धि करमा दर्ता नभएकाबाट खरिद गरेको विवरण उदाहरणार्थ : -

| फर्मको नाम | खरिद रकम |
|---|---|
| हाम्रो स्टेशनरी सोलु | १४०००।०० |
| ज्वालामाई अफसेट प्रेस | ८८०९४५।०० |
| दुधकुण्ड अफसेट प्रेस | १००००।०० |
| ललित ट्रेडिङ | ५००००।०० |
| श्री कृष्ण स्टेशनरी उद्योग विराटनगर | १६९८००।०० |
| न्यु कृष्ण स्टेशनरी उद्योग विराटनगर | १३०२००।०० |
| हाम्रो प्रयास स्टेशनरी सप्लायर्स काठमाण्डौ | ३०००००।०० |

ख) कन्टीजेन्सी खर्चको हिसाव अनुसुचि १० बमोजिको ढाचामा राख्नु पर्नेछ भन्ने उल्लेख भएता पनि निर्दिष्ट ढाँचामा अभिलेख राखेको देखिएन।

ग) स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० मा जिल्ला विकास समितिले राख्नु पर्ने श्रेस्ता ढाँचा तोकिएको छ। यस बमोजिम सवारी साधन मर्मत खर्च अनुसुचि ४६ बमोजिमको ढाचामा इन्धन खर्च लेख्दा अनुसुचि ४५ बमोजिम लगबुक अभिलेख राख्नु पर्ने व्यवस्था छ। यसरी नियममा व्यवस्था भएता पनि मर्मत अभिलेख र फेरिएका सामान स्टोरमा दाखिला नगर्ने सवारी लगवुक नराख्ने, राखेकोमा पनि प्रमाणित नहुने, गरेबाट आन्तरिक नियन्त्रण नहुने हुदा नियममा व्यवस्था भए अनुरुपको अभिलेख राख्ने व्यवस्था हुनु पर्ने देखिन्छ।

घ) मन्त्री परिषदको २०७०।०१।१५ को निर्णय अनुसार कन्टीजेन्सी वापतको रकम मध्येबाट २.५% रकम आवश्यकता अनुसार फर्निचर सवारी साधन मेशिनरी औजार जस्ता पुँजीगत निर्माण सम्बन्धि शिर्षकमा अर्थ मन्त्रालयबाट सेद्धान्तिक स्वीकृत लिई खर्च गर्नू पर्ने उल्लेख भएता पनि पुजीगत निर्माण तथा सम्पती सम्बन्धि शिर्षकमा खर्च नगरी प्रशासनिक कार्यमा मात्र खर्च गरेकोले मन्त्री परिषदको निर्णय कार्यान्वयन भएको देखिएन। यसबाट चालुखर्च नियन्त्रण गरी पुजीगत खर्चमा बृद्धि गर्ने सरकारको उद्देश्य पुरा नभएकोले सरकारको निर्देशन पालन गर्ने गराउने कार्यमा ध्यान दिनु जरुरी देखियो।

ङ) भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीको अनुसुची ६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेमा अभिलेख राखेको देखिएन । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण नहुने हुदा नियमा उल्लेख भए अनुसारको अभिलेख राख्नु पर्ने व्यवस्था हुनु पर्दछ।

च) नियम तथा परिपत्रमा उल्लेख भए अनुरुप २.५% पुजीगत निर्माण तथा सम्पति सम्बन्धि कार्यमा गरी निर्माण कार्यको ५% कन्टीजेन्सी खर्च लेख्नु पर्नेमा सम्पुर्ण खर्च प्रशासनिक कार्यमा गरेको र निर्माण कार्यको ५% भन्दा बढी हुने समेत गरी खर्च गरेको देखियो। यसरी खर्च गर्दा निर्माण कार्यमा प्रभाव पर्ने हुदा नियममा व्यवस्था भएको सिमा भित्र रहि खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। बढी खर्च भएको उदाहरण

| कार्यक्रमको नाम | जम्मा खर्च | ५% अनूरुप हुने खर्च | खर्च | बढी खर्च |
|---|---|---|---|---|
| ३६५८०१३ स्थानिय निकाय निशर्त पुजीगत | १३४२२०००।०० | ६७११००।०० | १४७९८५२।०० | ८०८७५२।०० |
| ३६५८०९३ झोलुङेपुल | ४९०००००।०० | २४५०००।०० | ११७८४४४।०० | ९३३४४४।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको।

२० **(क) अनुसुचीहरुको प्रयोग सम्बन्धमा :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) बमोजिम विभिन्न किसिमका अनुसुची फारामहरु राख्नु पर्ने व्यवस्था छ।

कार्यालयको आम्दानी तथा निर्माण कार्यको लागि अत्यावश्यक हुने अनुसुची ११, १४, १५, २८, ३३, ३५ ६२, ६७, ६८, ७२, ७६ र ६४ अध्यावधिक गरि राखेको देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

२१ **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ (२) मा विभागिय प्रमुखले मातहत कार्यालय प्रमुखलाई कार्यक्रमगत वजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी श्रावण १५ गते भित्र पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयलाई निम्न अनुसारका वजेट उपशिर्षकमा आर्थिक वर्षको अन्तमा मात्र बजेट खर्च गर्ने अख्तियारी पठाएको देखियो । स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित कार्यालयमा समयमा नपठाउदा कानुनको प्रक्रिया पुऱ्याई गुणस्तर युक्त कार्य हुने देखिदैन । समयमा नै बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी पठाउने तर्फ तालुक कार्यालयको ध्यान जान जरुरी देखियो ।

| ब.शि.न. | शुरु खर्च गर्ने अख्तियारी पठाएको मिति | बजेट रकम (रु हजारमा) | थप अख्तियारी पठाएको मिति | थप बजेट रकम (रु हजारमा) |
|---|---|---|---|---|
| ३६५८३१३ | २०६९।१०।०३ | ४००० | २०७०।०२।२७ | ६००० |
| ३४३१०१३ | २०७०।०२।२३ | ६१२ | | |
| ३०८१०९३ | २०७०।०२।२३ | ६२ | | |
| ३२५०११३ | २०७०।०३।१२ | २७५२९ | | |
| ३६५८१९३ | २०६९।१०।१० | ७१७६ | २०७०।०१।१५ | ७३९० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

२२ **पेश्की बाँकी :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा यस नियमावली बमोजिम पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १८२(२) मा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिनु पर्ने, नियम १८२(३) मा उपनियम (२) बमोजिम दिएको पेश्की यस नियमावलीमा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुनेछ भन्ने उल्लेख छ । त्यस्तै नियम १८५ (२) मा पेश्की दिनु पर्ने ठेक्काको कबुलियतनामामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले सावा र व्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख गर्नु पर्नेछ भन्ने उल्लेख छ । सम्झौता गर्दा सो अनुरुप उल्लेख हुने गरेको पाइएन । यो वर्ष देहायको कार्यक्रमबाट निम्नानुसारका व्यक्ति, उपभोक्ता समिति संघ संस्थालाई गएको पेश्की रु. **५४९१०००** आर्थिक वर्षको अन्त सम्म पनि फछ्र्यौट भएको छैन ।

| सि.न. | बजेट उपशिर्षक/ कार्यक्रमको नाम | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | भारतिय सहयोग खुम्जुङ खानेपानी योजना | ठक बहादुर राई | १०००००।०० |
| २ | भारतिय सहयोग खुम्जुङ खानेपानी योजना | छत्र बहादुर खडका | १५०००।०० |
| ३ | भारतिय सहयोग खुम्जुङ खानेपानी योजना | खुम्जुङ खानेपानी उपभोक्ता समिति | २६०००००।०० |
| ४ | भारतिय सहयोग खुम्जुङ खानेपानी योजना | पासे तामाङ | १२०००।०० |
| ५ | पर्यटन रोयल्टी | चौलाखर्क मोटरबाटो | ७०००००।०० |

| | | | |
|---|---|---|---|
| | | उ.स. | |
| ६ | पर्यटन रोयल्टी | तामाखानी खण्ड मो.बा.उ.स. | १००००००।०० |
| ७ | पर्यटन रोयल्टी | ग्रामिणसडक नि.उ.स. नेचा | ३०००००।०० |
| ८ | पर्यटन रोयल्टी | बाक्तीम सिंचाई उ.स. | ४००००।०० |
| ९ | पर्यटन रोयल्टी | हिमालि उत्पीडित महिला | ६६०००।०० |
| १० | पर्यटन रोयल्टी | उपस्वास्थ्य चौकी जुभिङ | १३३०००।०० |
| ११ | जि.वि.स. अनुदान | सोतु खोला हाङ्कु लघु जलविद्युत | ४०००००।०० |
| १२ | मालपोत | चौतारा सांस्कृत परिवार | २५०००।०० |
| १३ | मालपोत | मालपोत कार्यालय | ५००००।०० |
| १४ | मालपोत | नापी कार्यालय | ५००००।०० |

जिल्ला विकास समिति अनुदान तर्फ बैक नगदी कितावमा रु ५४०००। गो.भा.न. र विल भरपाइ वेगर रु ५४००० फछ्र्यौट देखाएको नियमित देखीएन ।

**कार्यालयको जवाफ-** पेश्की फछ्र्यौटको लागि सम्वन्धितलाई पत्राचार गरिसकिएको छ ।

२३ **कट्टी रकम दाखिला नगरेको :** यस कार्यालयबाट विभिन्न निर्माण व्यवसायी, उपभोक्ता समिति र व्यक्तिलाई भुक्तानी गर्दा नियमानुसार कट्टी गरेको अग्रीम आयकर, मेशिन भाडा वापतको भाडा कर घरौटी रकम र सामाजिक सुरक्षा कर वापतको रकम सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा आर्थिक वर्षको अन्त सम्म पनि दाखिला नगरी खातामै राखी राखेको देखियो । विगत वर्ष पनि दाखिला नगरेको भनि औंल्याएकोमा उक्त रकम समेत दाखिला गरेको देखिएन । कट्टी रु २५३२८५ खर्च लेखी सेकेकोमा सम्बन्धित खातामा दाखिला नगर्दा आर्थिक अनुशासन कायम नहुने, मौज्दात भिडान नहुने हुदाँ अविलम्ब दाखिला गर्नुपर्दछ ।

| कार्यक्रमको नाम | दाखिला गर्न बाँकी | | | |
|---|---|---|---|---|
| | अग्रिम कर | सामाजिक सुरक्षा कर | भाडा कर | धरौटी |
| पर्यटन रोयल्टी | ९०००। | १०७३। | १०३०२१। | |
| मर्मत संभार कोष | २८४२५। | | ७०५६। | ५५२१९। |
| ड्रिलिप क्षतिपुर्ति | २१००। | | | |
| गा.वि.स. कन्टीजेन्सी | १०४१५। | | | |
| आन्तरिक कोष | ६६७५। | | | |
| मालपोत रजिष्ट्रेसन | ३०३०१। | | | |

**कार्यालयको जवाफ-** असूल गरी दाखिला भई सकेको छ ।

२४ **अग्रिम आयकर :** आयकर ऐन २०५८ को दफा ८९ मा वासिन्दा व्यक्तिलाई रु ५० हजार रुपैया भन्दा बढी रकमको भुक्तानी दिदा भुक्तानीको कुल रकममा १.५% अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । यस कार्यालयले विभिन्न उपभोक्ता समितिबाट काम गराई भुक्तानीका लागि पेश गरेका विभिन्न सामान खरिदका रु ५० हजार भन्दा बढीको सामन खरिद भएको विल पेश भएता पनि अग्रिम आयकर कट्टा भई अग्रीम कर वापतको रकम दाखिला भएको प्रमाण पेश हुन आएन । यस्तो अवस्थामा अग्रिम कर छुट भई राजस्व दाखिला नहुने हुँदा रु २१५४९५.८० अग्रिम कर असुल गरी दाखिला हुनुपर्दछ । उक्त व्यहोरा गत वर्ष पनि औंल्याइएको र आगामी आर्थिक वर्ष देखि कडाइका साथ लागु गरिने प्रतिकृया दिएता पनि स्थिति यथावत छ ।

| ब.उ.शि.न. | गो.भा.न./ | उ.स.को नाम | भुक्तानी | भुक्तानी रकम | कट्टी गर्नुपर्ने |
|---|---|---|---|---|---|

| कार्यक्रम | मिति | | पाउने फर्म | | कर |
|---|---|---|---|---|---|
| पर्यटन रोयल्टी | ३१/२०६९।११।२२ | तामाङ छेदुङ छोलिङ गुम्वा उ.स. | डि.के. भाडा एण्ड हार्डवेयरस | १०३०६५। | १५४५।९७ |
| पर्यटन रोयल्टी | ३/२०६९।४।८ | लिखुखोला काफ्लेचौर सडक उ.स. | डि.के. भाडा एण्ड हार्डवेयरस | १६११५०। | २४१७।२५ |
| पर्यटन रोयल्टी | ५५/२०७०।३।२४ | खानेपानी मर्मत उ.स. नेले | न्यु स्टार अर्डर एण्ड सप्लायर्स | १८७२७०। | २८०९।०५ |
| पर्यटन रोयल्टी | ५६/२०७०।३।२५ | बुङ उ.स. | सुइ चन्द्र इन्भेष्टमेन्ट प्रा.लि. | २२५०००। | ३३७५। |
| पर्यटन रोयल्टी | ५७/२०७०।३।२४ | - | महेश इलेक्ट्रोनिक्स एण्ड साउण्ड सिस्टम | ८२५६४। | १२३८।४६ |
| पर्यटन रोयल्टी | ५८/२०७०।३।२४ | वाक्तिम सिचाई उ.स. | सलिना स्टोर एण्ड सप्लायर्स | ६६०००। | ९९०। |
| भारतिय सहयोग खुम्जुङ खा.पा.यो. | ४/२०६९।८।१२ | खुम्जुङ खुन्दे खानेपानी उ.स. | पि.टि. कार्गो प्रा.लि. | ६७३३६८५।७४ | १०१००५।२० |
| भारतिय सहयोग खुम्जुङ खा.पा.यो. | ४/२०६९।८।१२ | खुम्जुङ खुन्दे खानेपानी उ.स. | मनिष एण्ड आशीष इन्टरप्राइजेज | ५१९३२५।७३ | ७७८९।८८ |
| भारतिय सहयोग खुम्जुङ खा.पा.यो. | ४/२०६९।८।१२ | खुम्जुङ खुन्दे खानेपानी उ.स. | नेपाल पोली पाइप प्रा.लि. | ५४०८४८०।११ | ८११२७।२० |
| जि.वि.स. अनुदान | १०८/२०७०।२।१० | योङ स्टार ल्कव | एग्रो इन्जीनियरिङ वर्कस | ८७९८५३।२८ | १३१९७।७९ |
| जम्मा | | | | १४१६३८६६।८६ | २१५४९५।८ |

**कार्यालयको जवाफ-** चालु आर्थिक वर्ष देखि अग्रिम कर कट्टा गरिने छ ।

## २५ <u>पर्यटन रोयल्टी सडक</u>

**सम्पन्न स्थीति :** यस कार्यालयबाट देहायको सडकमा निर्माण कार्य गर्ने गरी देहायको मितिमा सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न नभई अधुरो रहि रेहेको देखियो । सम्झौता अवधिमा कार्य सम्पन्न नहुँदा योजनाबाट परिलक्षित प्रतिफल हासिल नहुने हुदाँ समय मै योजना सम्पन्न गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

| योजनाको नाम | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने अवधि | हालसम्मको खर्च |
|---|---|---|---|---|
| लार्चा दोभान झो.पु. | २०६८।१।१९ | ८४०२४६०।६१ | नखुल्ने | ५०६०६९०। |
| जम्बुक फेरा पर्यटन सडक | २०६९।२।२६ | २१७३२८४।६९ | २०६९।३।१५ | २१७८२८९।४१ सम्पन्न |
| नेचा ग्रामीण सडक | २०६९।२।२ | १२५६०००।०० | २०६९।३।१५ | |
| सल्लेरी तामा खानी चौलाखर्क सडक | २०६८।१।२३ | ६२०७८९४।८४ | २०६८।३।२० | ५०१०५०२।५५ |

| | | | | |
|---|---|---|---|---|
| सल्लेरी तामा खानी चौलाखर्क सडक | २०६८।१२।०१ | ५६४९२२७।०० | २०६९।३।१५ | ४१६१८८१। |
| गोलीखण्ड मोटर बाटो | २०६९।४।१ | ३१२४२४४।११ | २०६९।८।१५ | अधुरो |

उपरोक्त सडकको अतिरिक्त अन्य ससाना योजनामा विभिन्न निर्माण कार्य गर्ने यो वर्ष ११ वटा योजनामा सम्झौता गरी रु २२८३५१०।- खर्च लेखेको र गत वर्ष सम्झौता भई कार्य भएका विभिन्न ससाना योजनामा खर्च लेखेको छ । ससाना योजना छनौट गर्नु भन्दा शुरु भएका ठुला योजनामा निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ-** सुझावलाई पालना गरि योजनाको कार्यान्वयन गरिने छ ।

२६ यो वर्ष लार्चा दोभान झोलुङ्गे पुल उपभोक्ता समितिलार्य चौथो रनिङ विल वापत रु ५,००,०००। खर्च लेखेकोमा विल भरपाई उपभोक्ता समितिबाट भएको निर्माण अनुमोदन वेगर खर्च लेखेको अनियमित देखिन आयो ।

**कार्यालयको जवाफ-** हाल विल भरपाई प्राप्त भएको छ ।

२७ सल्लेरी तामाखानी चौलाखर्कमा सडक निर्माण कार्य गर्न मिति २०६८।१।२३ मा २०६८।३।२० मा कार्य सम्पन्न गर्ने गरि २५ प्रतिशत जनश्रमदान सहित रु १,३०,१८,८०१।९३ मा लिखुखोला काफ्लेचौर सडक खण्ड निर्माण उपभोक्ता समिति संग सम्झौता भएकोमा लागत अनुमान संशोधन गरी मेशीनबाट सडक निर्माण गर्ने गरी रु ६२,०७,८९४।८४ लागत अनुमान कायम गरेको देखिन्छ । यो वर्ष प्रथम रनिङ विल पेश भई जम्मा काम रु ५०,१०,५०२।५५ को सम्पन्न भएकोमा जनश्रमदान वापत रु ३,८२,२२५।१३ कट्टी गरी रु ४६२८०००। भुक्तानी खर्च लेखेको देखिन्छ । सम्झौता हुँदा २५ प्रतिशस जनश्रमदान हुने उल्लेख भएको लागत अनुमान संसोधन भई मेशिनबाट सडक निर्माण गर्न तय भएको र सोलुखुम्बुको २० औं जिल्ला परिषदको निर्णय नं ३१ मा ट्र्याक ओपनिङ मेशिनबाट गर्ने काममा १० प्रतिशत जनसहभागित हुनु पर्ने निर्णय भएकोमा सो अनुरुप पनि रु ५०१०५०।२५ जनश्रमदान वापत कट्टी गर्नुपर्नेमा रु ३,८२,२२५।१३ मात्र कट्टी गरेकोले रु १,१८,८२५।१२ घटी गरेको देखिन आयो । त्यस्तै उक्त सडक मेशिनबाट निर्माण उल्लेख भएकोमा मेशीन वापत भुक्तानी गरेको विल पेश नभएको र मेशिनको भाडा कर कट्टी समेत नगरेको हुदा नियमानुसार लाग्ने भाडा कर समेत कट्टी गर्नु पर्ने देखिन्छ । भाडा कर अन्तिम विल भुक्तानी गर्दा कट्टी गर्ने व्यवस्थापनको भनाई रहेको छ । जनश्रमदान वापत घटी कट्टी गरेकोमा अन्तिम विल भुक्तानी गर्दा समायोजन गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** अन्तिम विल भुक्तानी गर्दा समायोजन गरी भुक्तानी गरिने छ ।

२८ कागेल पञ्चन मोटर बाटो निर्माण गरेवापत उपभोक्ता समितिलाई रु ४,६७,०००। खर्च लेखेकोमा विल भरपाई उपभोक्ता समितिको निर्णय तथा सार्वजनिक लेखापरिक्षण प्रतिवेदन पेश नभएको तथा योजना फरफारकमा डोजर प्रयोग गरेवापत रु १८००००। निकासा गर्नुपर्ने उल्लेख भएकोमा रु ४,६७,०००।- भुक्तानी गरेको तथा डोजर प्रयोग उल्लेख भए अनुसार रु १८,०००।- भाडा कर कट्टी गर्नु पर्नेमा सो समेत कट्टी नगरेकोले नियमानुसार कट्टी गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** कर दाखिलाको लागि सम्वन्धित उपभोक्ता समितिलाई पत्राचार गरि सकिएको छ ।

२९ यस कार्यक्रमबाट गत वर्ष रु ४०,८५,७४९।- सापटी गएकोमा यो वर्ष रु २० लाख प्राप्त भई झोलुङ्गे पुल कार्यक्रमलाई गएको सापटी रु २०,८५,७४९।- प्राप्त हुन बाँकी रहेको देखियो । यो वर्ष वागवानी केन्द्र, सोलुखुम्बुलाई गएको सपटी आर्थिक वर्षको अन्त सम्ममा पनि सोधभर्ना प्राप्त नभएकोले रु २१५००० सोधभर्ना प्राप्त गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** अविलम्व दाखिलाको लागि पत्राचार गरिसकिएको छ ।

३० जिल्ला विकास कोष खातामा गत बर्षको मौज्दात रु १,२४,९०,२२०।१२ रहेको मा यो बर्ष जम्मा भएको २,७५,२८,९५१।०० समेत जम्मा रु ४,००,१९,१७१।१२ आम्दानी देखीएकोमा निम्न

कार्यक्रमहरुमा उक्त कोषबाट सापटि दिइएकोमा आ.व. को अन्त्यसम्म पनि फिर्ता दाखीला भएको देखीएन । यसरी अन्यन्त्र कार्यक्रमलाई सापटि दिएको रु २९,००,७४९ फिर्ता माग गरि दाखिला गर्नुपर्दछ ।

| सि.नं. | सापटि दिएको कार्यक्रमको नाम | सापटि रकम |
|---|---|---|
| १ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ६,००,०००।०० |
| २ | पुरानो रोयल्टि खाता | २३,००,७४९।०० |
| | जम्मा | २९,००,७५०।०० |

**कार्यालयको जवाफ-** सम्वन्धित शिर्षकमा फिर्ता गरी हिसाव मिलान गरिने छ ।

३१ **आन्तरिक कोष** : यस कोषबाट सोलु खोला घाङकु लघु जलविद्युतलाई समपुरक कोष रु २,५०,०००।- जिल्ला परिषदको निर्णय अनुसार मासिक रु १०००।- का दरले भत्ता रु ३,५८,०००।- र अन्य खर्च २,४७,२१०।- समेत रु ८,५५,२२१।- खर्च लेखेकोमा निम्नानुसार देखिन आयो ।

३२ जिल्ला परिषदको निर्णय बमोजिम मासिक १०००।- का दरले ३० जना कर्मचारीको लागि रु ३,५८,०००।- भत्ता खर्च लेखेकोमा नियमानुसार १% का दरले सामाजिक सुरक्षा कर कट्टी गर्नु पर्नेमा कट्टा नगरेको रु ३८८०।- तथा देहायका कर्मचारीले रकम बुझीलिएको प्रमाण बेगर रु ५१५८० खर्च लेखेको समेत देखिएको ।

| कर्मचारीको नाम | भुक्तानी खर्च |
|---|---|
| श्री दिनेश कुमार | १२०००।०० |
| श्री मैत श्रेष्ठ | १२०००।०० |
| श्री भाग्य नारायण यादव | १२०००।०० |
| श्री दिपकुमार बस्नेत | १२०००।०० |
| जम्मा | ४८०००।०० |

**कार्यालयको जवाफ-** तलबबाट कर वापतको रकम कट्टा गरि दाखिला गरिने छ ।

३३ **मर्मत संभार कोष** : स्थानिय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका २०६३ को निर्देशन नं. १०.५ मा कृषि तथा स्थानिय स्तरका सडक आयोजनाको लागि प्रति वर्ष उपलब्ध कुल बजेट रकमको कम्तीमा ५ प्रतिशत रकम सडक मर्मत संभारको लागि अनिबार्य रुपमा विनियोजन गरी उक्त रकम ग्रामिण सडक मर्मत संभार निर्देशिक २०६४ मा व्यवस्था भए अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ यो वर्ष कार्यालयले मर्मत संभार कोष निर्देशिक तयार नगरी रु २४,०६,४७६।- खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस्तो अवस्थामा खर्च लेखेको रकम नियमित देखिएन ।
**कार्यालयको जवाफ-** जवाफ प्राप्त भएन ।

३४ यो वर्ष गत वर्ष नै निर्माण कार्य भएको तथा भुक्तानी भइ सकेको रु १९,५४,७७६।- को विल निर्माण कार्य भई उपभोक्ता समिति र निर्माण व्यवसायिलाई भुक्तानी गरेको खर्च यो वर्ष खर्चमा समावेश गरेको छ । उक्त कोषको बैंक स्टेटमेन्टमा उक्त खर्च यो वर्ष समावेश नभएको गत वर्ष उक्त रकम भुक्तानी गर्न मिति २०६९।०२।२३ मा ग-४-४-४०० मा रु १८९२,२९७।- ट्रान्सफर गरि सोही रकमबाट भुक्तानी गरेको उक्त खाताबाट खर्च नदेखाएको र विगत वर्ष यस कोषको लेखापरिक्षण नगराएको र खर्च पनि नदेखाएकोले उक्त कोषमा खर्च जनाउन उक्त रकम यो वर्ष समावेश गरेको व्यवस्थापन पक्षको भनाई रहेको छ । यो वर्ष खर्च लेखेको रु १,५२,७००।- पनि यो वर्ष भुक्तानी भएको देखिदैन । उक्त रकम कुन खाताबाट भुक्तानी भएको हो स्पष्ट छैन । समय मै खर्च देखाउने र लेखापरिक्षण गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।
**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

३५ मुल्य अभिवृद्धि कर नियमावली अनुसार कर विजक जारी गरी मुल्य अभिबृद्धि कर असुल गर्नुपर्ने

व्यवस्था छ । जिल्ला हुलाक कार्यालय अगाडि ड्रेन निर्माण गरेवापत अन्जीता निर्माण सेवालाई मुल्य अभिबृद्धि कर सहित रु १,३१,२१०।- भुक्तानी खर्च लेखेकोमा कर विजक वेगर मुल्य अभिबृद्धि कर रु **१५०९४.९५** भुक्तानी गरेको अनियमित देखएिको छ ।

**कार्यालयको जवाफ-** कर विजक पेश गर्नको लागि पत्राचार गरिएको छ ।

३६ **भारतिय सहयोग (खुम्जुङ खानेपानी योजना)**

भारतिय सहयोगमा संचालित यो योजनामा भारतिय सहयोग (जि.वि.स.) बाट रु ३,९५,११,६०५।- र उपभोक्ता समितिबाट रु ५०,००,०००।- व्यहोर्ने गरी रु ४,४५,११,६०५।- को लागतमा संचालित यो योजना २०६९ श्रावण १९ मा सक्ने गरी २०६८।०१।२० मा सम्झौता भएकोमा तोकीएको अवधिमा निर्माण कार्य सम्पन्न नभई २०६९।०५।११ मा २०७० भाद्र मसान्त सम्म म्याद थप भएको देखिन्छ । यो योजनामा गत वर्ष सम्म रु ३१,५६,९१५।०१ को कार्य र यो वर्ष दोश्रो रनिङ विल वापत रु १,२४,००,०००।- समेत जम्मा रु १,५५,६८,१७१।२२ को निर्माण कार्य सम्पन्न भएको देखिन्छ । हाल सम्मको कार्य प्रगति हेर्दा म्याद थप अवधिमा समेत निर्माण कार्य सम्पन्न हुन सक्ने देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

३७ **मालपोत तर्फ** : स्थानिय स्वायत शासन नियमावली २०५६ को नियम २०५६ को नियम २११ को उपनियम १ मा ऐनको दफा २२० बमोजिमको राजस्व बाँडफाँड गर्दा सम्बन्धित जिल्ला विकास समितिले पाउने रकम राजस्व असुल गर्ने कार्यालयले अनुसुचि २६ बमोजिम जिल्ला विकास समितिलाई रकम उपलब्ध गराउनु पर्नेछ । उपनियम १ बमोजिम प्राप्त रकम मध्ये जिल्ला परिषदले सेवाको आवश्यकता र विस्तारको आधारमा निर्धारण गरेको रकम जिल्ला विकास समितिले जिल्ला भित्रका नगरपालिका र गाउ विकास समितिलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यो वर्ष मालपोत कार्यालयबाट प्राप्त रु ७७३८४६८।६० जिल्ला विकास समिति अनुदान प्राप्त रु ४,५०,०००।- दैवि प्रकोपबाट प्राप्त रु ६,००,०००।- र गत वर्षको जिम्मेवारी रु ५८०९२१।८६ समेत कुल आम्दानी रु ९३,६९,४००।४६ भएको छ । उक्त आम्दानी रकमबाट कार्यालयले यो वर्ष विभिन्न व्यक्तिलाई आर्थिक सहायतामा रु ७,११,८००।- विविध भैपरीमा रु ५,३६,२६५।- कार्यालय सामानमा रु ६५०७००।- दैनिक भ्रमण भत्तामा रु ३९१,०००।- मोटर मर्मतमा रु १०,१६,७०३।- अन्य तलब, सुपरभाइजर ज्याला, इन्धन, आदिमा रु ७,३५,२६५। समेत रु ४१,४१,७३३।- खर्च भएको देखिन्छ भने रु ५०५९८०२।- अर्थात कुल खर्चको ५५ प्रतिशत मात्र बाटो निर्माण, स्कुल खेल मैदान निर्माण, गुम्वा मर्मत, विभिन्न क्लवहरुलाई विभिन्न कार्यक्रम गर्न अनुदान आदिमा खर्च लेखेको देखियो । ऐन नियममा व्यवस्था भए बमोजिम सेवाको आवश्यकता र विस्तारको आधारमा जिल्ला परिषदबाट निर्धारण गराई सो अनुसार गाउ विकास समितिलाई रकम उपलब्ध गराउनु पर्नेमा जिल्ला परिषदबाट रकम निर्धारण नगराई उपरोक्त अनुसार विभिन्न कार्यमा खर्च गरेको देखिएकोले खर्च नियम संगत देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

३८ जिल्ला विकास समितिले प्रस्तावको रुपमा प्रस्तुत गरेको आ.व. २०६९।०७० मा जिल्लामा संचालन गरिने योजना कार्यक्रमहरु तथा जिल्लाका आवश्यक विविध विषयहरु माथि छलफल गर्दै मिति २०६८।११।२८ गते २० औ जिल्ला परिषदको बैठक निर्णय नं. ५० मा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ मा भएको व्यवस्था अनुसार प्रत्येक जिल्ला विकास समितिले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट देहायका विशेष कोषहरु स्थापना गरि रकम विनियोजन गर्न सक्ने भन्ने व्यवस्था अनुसार जि.वि.स. सोलुखुम्बुबाट खोलिएको मर्मत सम्भार विशेष कोष र कर्मचारी कल्याण कोष बाहेक अन्य तपसिलमा उल्लेखित विशेष कोष खाताहरु खोली सो खाताहरुमा देहाय बमोजिमको रकम आन्तरिक श्रोत मालपोत रजिष्ट्रेसन शिर्षकबाट जम्मा गर्ने भनि निर्णय भएकोमा निर्णय अनुसार रकम जम्मा गरेको देखिएन ।

| विवरण | रकम |
|---|---|

| | |
|---|---|
| १) प्रकोप व्यवस्थापन विशेष कोष | २०००००।०० |
| २) मानव संशाधन विशेष कोष | १०००००।०० |
| ३) स्थानिय विकास विशेष कोष | ५००००।०० |
| ४) वातवरणिय व्यवस्थापन विशेष कोष | १०००००।०० |
| ५) गरिविनिवारण तथा सामाजिक परिचालन कोष | १०००००।०० |
| ६) महिला तथा बालबालिका विशेष कोष | ५००००।०० |
| जम्मा | ६००,०००।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

३९ आयकर ऐन २०५८ को दफा ८९ मा रु ५० हजार भन्दा बढीको खरिद कार्यको भुक्तानी गर्दा अग्रीम कर वापत १.५ प्रतिशतका दरले कट्टी गरी कर दाखिला गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्न विक्रेतालाई निम्न रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको पाइएन । ऐन अनुसार कट्टी गर्नु पर्ने कर कट्टा नगर्दा राजस्व आम्दानीमा असर पर्ने भएकोले ऐनले तोके बमोजिम लाग्ने निम्न कर रु **११४४१.४६** असुल गरी कर दाखिला हुनुपर्दछ ।

| गो.भौ.न | मिति | विक्रेताको नाम | भुक्तानी विल रकम | लाग्ने कर |
|---|---|---|---|---|
| ७३ | २०६९।१२।०४ | युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा.लि. | ६१२७६४।५५ | ९१९१।४६ |
| १०५ | २०७०।०२।१२ | हाम्रो प्रयास स्टेशनरी सप्लायर्स घट्टेकुलो काठमाण्डौ । | १५००००।०० | २२५०।०० |
| | | जम्मा | ७६२७६४।५५ | ११४४१।४६ |

**कार्यालयको जवाफ-** असूलीका लागि सम्वन्धित लाई पत्राचार गरिएको छ ।

४० स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६३ (१) मा जुनसुकै निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि नियमावलीमा उल्लेख भए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले गाउ विकास समितिका सचिव लगायत कर्मचारीहरुको व्यक्तिगत विवरण कर्मचारी व्यवस्थापन तथा सुचना प्रणाली कम्प्युटर सफ्टवेयरमा समावेश गरी अद्यावधिक गर्ने कार्य भनि २०७०।०३।२० को निर्णय अनुसार निम्न कर्मचारीहरुलाई रु २०,०००।- का दरले रु ६०००० भुक्तानी दिएकोमा लगत अनुमान तयार गरेको पाइएन भने लागत अद्यावधिक गरेको समेत देखिएन ।

| कर्मचारीको नाम | भुक्तानि रकम |
|---|---|
| यो.अ. तुलाराज सुनुवार | २०,०००।०० |
| ले.पा. रुद्र प्रसाद दाहाल | २०,०००।०० |
| ना.सु. राम कुमार खडका | २०,०००।०० |

**कार्यालयको जवाफ-** कर्मचारीको व्यक्तिगत विवरण अध्यावधिक गरि सकिएको छ ।

४१ नेले कांगेल पंचन जुवु सडक उपभोक्त समितिका अध्यक्ष वल बहादुर बस्नेतले आ.व. २०६८।०६९ मा रु ७ लाखको संम्झौता भई नेलेको तुम्सेवाट देवीथान सम्म ३५५० मिटर बाटो निर्माण सम्पन्न भई सकेको हुदा उक्त बाटो निर्माण तथा अनुगमन समिति दुबै बैठकबाट निर्णय भै सकेको हुदा भुक्तानी पाउनु पर्ने रकम भुक्तानी दिई फरफारक गरि दिन हुन भनि २०६९।११।१३ मा निवेदन दिए अनुसार प्रथम र दोश्रो किस्ता रु ६,००,०००।- कटाई बाँकी रु १००,०००।- खर्च लेखेकोमा लागत अनुमान र संझौता पेश भएन ।

४२ योजना सञ्चालन अवस्थाको अनुगमन तथा सुपरिवेक्षण गरी उपभोक्ता तथा ठेकेदारलाई काम गर्न जागरुक बनाउने योजना संचालन अवस्थाको वास्तविकताको पत्ता लगाउने पारदर्शिता ल्याउने उद्देश्यले ५५ जना कर्मचारीको दैनिक भ्रमण भत्ता रु ३९१०००।- जुत्ता ४८ जोरको रु १२४०००।-

छाता ५५ वटाको रु ३३०००।- झोला २७ गोटाको रु ४०५००।- टर्च ४० गोटाको १०८००।- समेत रु ६००१००।- खर्च स्वीकृत भए अनुसार रकम रु ६०१०००।- खर्च लेखेकोमा निम्नानुसार देखिएको रु १) विभिन्न कर्मचारीहरुको दैनिक भ्रमण भत्ता रु ३९१०००।- खर्च लेखेकोमा योजना अनुगमन तथा सुपरिवेक्षण बाहेकका अन्य स्थानमा भ्रमण गरेको भ्रमण खर्च समेत लेखेको छ भने अनुगमन तथा सुपरिवेक्षणको रिर्पोट समेत पेश गरेको देखिएन । साथै निम्न कर्मचारीहरुलाई निम्न रु. ६०५००.०० भुक्तानीको दैनिक भ्रमण भत्ता विल समेत पेश भएको छैन ।

| सि.न. | दर्जा नाम थर | रकम |
|---|---|---|
| १ | स्था.वि.अ. तिर्थराज भट्टराई | १००००।०० |
| २ | सि.डि.इ.. मुक्तिराम भट्टराई | १००००।०० |
| ३ | ले.पा. रुद्र प्रसाद दाहाल | ९०००।०० |
| ४ | ना.सु. गणेश कुमार श्रेष्ठ | ९०००।०० |
| ५ | ले.पा. चेतनाथ कटेल | ९०००।०० |
| ६ | स.क.अ. छत्र बहादुर खडका | ९०००।०० |
| ७ | ख. लगन बहादुर श्रेष्ठ | ४५००।०० |
| | जम्मा | ६०५००।०० |

२) विभिन्न सामान छाता, चुत्ता, चुलो आदि खरिद रु २,१०,०००।- खर्च लेखेकोमा संलग्न विल विल अनुसार रु १२३२५०।- मात्र भएकोले विल भन्दा रु ८६७५०।- बढी खर्च लेखेको रु ८६७५०.०० असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ-** लेखापरीक्षणको समयमा पेश गर्न छुट भएकोले प्रतिक्रिया साथ अनुगमनमा गएका कर्मचारीहरूको भ्रमण भत्ता विल यसै साथ संलग्न गरी पठाएको जनाएतापनि पत्रसाथ प्रमाण संलग्न गरेको छैन ।

४३ **गा.वि.स. कन्टीजेन्सी :** यस खातामा यो वर्ष जम्मा आम्दानी रु १८१८९४०। भएकोमा गत बर्षको खर्च रु २७५३२। र यो वर्ष विभिन्न शिर्षकमा खर्च भएको रु १७०८९११।७० समेत कुल १७३६४४३। खर्च लेखेको छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

४४ **दाखिला :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१२ मा स्थानिय निकायमा रहेको र खरिद गरि वा हस्तान्तरण भै आएको सहायता वा अन्य कुनै प्रकारको प्राप्त हुन आएको माल सामानको विवरण र मुल्य समेत खुलाई माल सामान प्राप्त भएको मितिले ७ दिन भित्र जिन्सी कितावमा आम्दानी बाधी लगत तयार गरि अध्यावधिक गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले खरिद गरेका निम्न अनुसारका मालसामान जिन्सी कितावमा दाखिला गरेको पाइएन यसरी खरिद सामान दाखिला नभएको रु ९६९२५.०० को जिन्सी सामानको अवस्था एकिन भएन ।

| गो.भा.न. | मिति | सामानको विवरण | इकाई | रकम |
|---|---|---|---|---|
| २६ | २०७०।०३।२५ | थ्रेडटेप | १२ गोटा | ३०५१०।०० |
| | | टपिङ हेन्डील | ६ थान | १५००५।०० |
| | | निकोन क्यामरा | १ थान | १९२१०।०० |
| | | पुलिङ मेसिन | | ३०५०।०० |
| १६ | २०७०।०१।१७ | प्रिन्टर | १ थान | २९१५०।०० |

**कार्यालयको जवाफ-** जिन्सी दाखिला गरिने छ ।

४५ **जिल्ला उर्जा तथा वातावरण शाखा**

**पारिश्रमिक कर** : आयकर ऐन २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक, भत्ता लगायतका सबै प्रकारका आय समावेश गरि कट्टा गर्न पाउने रकम कट्टा गरि छुट पछिको आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्न पर्ने व्यवस्था छ । यस शाखामा कार्यरत उर्जा विकास अधिकृत श्री मनिष श्रीवास्तवलाई यो वर्ष भुक्तानी भएको पारिश्रमिक, तथा भत्ता समेत जम्मा रु ३१२४६६।५० मा छुट पाउने पारिवारिक सुविधा तथा दुर्गम भत्ता सुविधा रु २,३०,०००।- कट्टा गरि बाँकी रहेको रु ८२४६६।५० मा १५ प्रतिशतका दरले रु १२,३६९।९७ कट्टा गरको देखिएन । पारिश्रमिक वापतको रु. १२३६९.९७ असुल गरी संचितकोष दाखिला गर्नु पर्ने देखियो ।

**कार्यालयको जवाफ-** असूल गरी दाखिलाको प्रमाण पेश गरिने छ ।

४६ **रकमान्तर** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ मा स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रहि अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्न पर्ने व्यवस्था छ । यस शाखाले रकमान्तर स्वीकृत वेगर निम्नानुसार बजेट रकममा निकासा भन्दा बढी खर्च लेखेको देखियो । यसरी रकमान्तर स्वीकृत बेगर निकासा भन्दा बढी खर्च लेखेको रकम नियमित देखिएन ।

| कार्यक्रम | बजेट शिर्षक | जम्मा निकासा | खर्च | बढी खर्च |
|---|---|---|---|---|
| साधारण चालु | कार्यालय संचालन खर्च | ४५७९।६४ | ७५००।०० | २९२०।३६ |
| साधारण चालु | विविध | ६७३६।० | ७४५०।०० | ७१४।०० |
| साधारण चालु | कार्यक्रम भ्रमण खर्च | ९८९९८।० | १३९३५०।०० | ४०३५२।०० |
| साधारण चालु | उर्जा सप्ताह | ०।० | १००००।०० | १००००।०० |
| साधारण पुाजीगत | नर्सरी स्थापना | ०।० | १००००।०० | १००००।०० |
| साधारण पुाजीगत | वायो इन्जिनियरिङ | ०।० | ३००००।०० | ३००००।०० |
| साधारण पुाजीगत | फलफुल रोपन | ०।० | १२४१५।०० | १२४१५।०० |
| साधारण पुाजीगत | वातावरण संरक्षण | ०।० | १५०००।०० | १५०००।०० |
| साधारण पुाजीगत | आयमुलक तालिम | ०।० | ४६९१५।०० | ४६९१५।०० |
| साधारण पुाजीगत | वातावरण तथा श्रोत व्यवस्थापन | १८०००।० | २००००।०० | २०००।०० |
| साधारण पुाजीगत | कार्यशाला गोष्ठी | ३४५६३।० | ७०७५०।०० | ३६१८७।०० |
| साधारण पुाजीगत | तलब भत्ता | २९३४९२।२० | २९७१०२।८५ | ३६१०।६५ |
| साधारण पुाजीगत | इन्धन | ३०००।० | ४५००।०० | १५००।०० |
| साधारण पुाजीगत | दैनिक भ्रमण भत्ता | २८५२४।० | २८८००।०० | २७६।०० |
| | जम्मा | ४८७,८९२।८४ | ६९९,७८२।८५ | २११,८९०।०१ |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

४७ **निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट खर्च गराउदा उपनियम २ र ३ बमोजिम खरिद सम्झौता भए पछि कार्यालयले उपभोक्ता समितिलाई सम्झौता रकमको निर्माण कार्य अनुसार विल भरपाई भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन विल भरपाई तथा खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै यसरी खर्च भएको रकमको सार्वजनिक लेखापरिक्षण प्रतिवेदन लिई कार्यालयले अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । जिल्ला उर्जा कोष तर्फ विभिन्न उपभोक्ता समिति वा लाभग्राही समुदायबाट लघु जलविद्युत निर्माण कार्यको लागि यो वर्ष निम्नानुसार भुक्तानी दिएकोमा ति समुदायले खर्चको सार्वजनिक लेखापरिक्षण गराएको छैन । यसरी निर्माण कार्यको किस्ता बन्दीमा पेश्की स्वरुप रकम उपलब्ध

गराई खर्च गरेता पनि निर्माण कार्यको प्रगति तथा खर्चको अवस्था बारे यकिन हुन सकेन ।

| सि.न. | आयोजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | दुदुखोला दोभान ज.वि.आ. | १५०००००।०० |
| २ | सुम्बुखोला ज.वि.आ. | ८२५०००।०० |
| ३ | अधेरी खोला ज.वि.आ. | ५२२९३४।०० |
| ४ | मन्जो खोला ज.वि.आ. | ६४०००।०० |
| | जम्मा | २,९११,९३४।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

४८ **गा.वि.स प्रोफाइल तर्फ**

**१) पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिने दिने दुबै थरीको कर्तव्य हुने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत गा.वि.स.प्रोफाइल तयार गर्न जिर्थाटिक सफर टेक्नोलोजिलाई रु ४,८०,०००।- पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट भएको देखिएन । नियममा व्यवस्था भए बमोजिम पेश्की रु ४८०००० फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

**कार्यालयको जवाफ-** फछ्र्यौटको लागि पत्राचार गरिसकिएको छ ।

४९ **जि.वि.स. अनुदान (ब.उ.शि.न. ३६५८०१३)**

जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६७ को दफा ८ मा नेपाल सरकार वा अन्य कुनै निकायले चालु खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा जिल्ला विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक प्रशासन नियमावलीको सीमाभित्र रहि छुट्याएको निश्चित प्रतिशत रकम चालु खर्च शिर्षकमा विनियोजन गर्न सक्नेछ भन्ने उल्लेख छ । नेपाल सरकारबाट जिल्ला विकास अनुदान स्थानिय निकाय निशर्त चालु खर्च तर्फ रु १,९८,०१,०००।- विनियोजन भई सोहि अनुसार निकासा खर्च भएको देखिन्छ । अनुदान संञ्चालन कार्यविधिमा उल्लेख भए अनुसार खर्च शिर्षकमा बजेट विनियोजन नगरी खर्च गरेको देखियो । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण नहुने हुदाँ नियमानुसार बजेट विनियोजन गरी खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

५० स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को बुदाँ ८ मा स्थायिन निकायको कोषको कुल पुँजीगत रकमबाट समपुरक कोषमा लक्षित समुह विकास कार्यक्रम, आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम र प्रवर्धनात्मक कार्यक्रममा रकम लगानी गर्न निश्चित प्रतिशत रकम तोकेको देखियो । यस कार्यालयबाट आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार विकास कार्यक्रम र प्रवर्धनात्मक कार्यक्रममा रकम लगानी गर्न निश्चित प्रतिशत रकम तोकेको देखियो । यस कार्यालयबाट आर्थिक सामाजिक एवं प्रवर्दनात्मक कार्याक्रमको लागि छुट्टा छुट्टै नगरी एकै ठाँउमा रकम छुट्याइएको तथा सो कार्यविधि अनुरुप रु ६६,९५,०००।- छुट्याउनु पर्नेमा रु ५०,९५,२५०।- मात्र छुट्याएको कार्यविधिमा उल्लेख नभएको आवधिक जिल्ला विकास योजनाको लागि रु ५ लाख छुट्याएको तथा लक्षित समुह विकास कार्यक्रममा उल्लेख भए भन्दा बढी रकम छुट्याई कार्य गरेको तथा शुरुमा रु १,२३,००,०००।- को आधारका छुट्याएकोमा थप बजेट व्यवस्था भएकोमा निर्णय नगरी खर्च भएको देखिन आयो । अत: कार्यविधिमा उल्लेख भए अनुरुप वजेट विनियोजन गरी खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

५१ **कोषको व्यवस्था :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ मा प्रत्येक जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयबाट प्रकोप व्यवस्थापन विशेष कोष

कर्मचारी कल्याण कोष तगायतका विशेष कोषहरुमा रकम विनियोजन गर्न सक्नेछ भन्ने उल्लेख छ । जि.वि.स. अनुदान पुँजीगतबाट देहायको कोषमा निम्नानुसारको रकम विनियोजन गरेको देखियो । यसरी विनियोजन गर्दा पुजीगत निर्माण कार्यमा असर पुग्ने हुँदा नियमावलीमा व्यवस्था भए अनुसार विशेष कोषहरुमा रकम विनियोजन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । आन्तरिक आय न्युन भएकोले पुजीगत रकमबाट विनियोजन गर्नु परेको व्यवस्थापनको भनाई रहेको छ ।

| कोषको नाम | विनियोजन रकम |
|---|---|
| कर्मचारी कल्याण कोष | ३५००००।०० |
| कवाडी कर (आन्तरिक कोष) | २५००००।०० |
| दैवी प्रकोप व्यवस्थापन | १०५००००।०० |
| स्थानिय विकास कोष | ५०६०००।०० |
| जम्मा | २१५६०००।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

५२ **पारिश्रमिक कर** : आएकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आए बर्षको रोजगारी बाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, बिदा बापतको रकम, अतिरिक्त समय काम गरे बापतको रकम, पुरस्कार महंगीभत्ता, भाडा, मनोरञ्जन वा यातायात भत्ता बापतको रकम, अबकास भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अबकास कोषमा जम्मा गरेको रकम समेतका अबकास योगदान, अन्य सुबिधा बापत को भुक्तानी एबं रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानि समेत समाबेश गरिने र कुल कर योग्य आय बाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकि करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नु पर्ने ब्यबस्था छ । यस कार्यालयले यो बर्ष निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाइ भुक्तानि गरेको पारिश्रमिकमा कर कट्टी नगरेको देखियो । ति कर्मचारीको पारीश्रमिक गणना गर्दा सबै प्रकारका सुबिधा आयमा समाबेश नगरेको कारण पारिश्रमिक कर छुट भई राजस्व घटी दाखिला भएको छ । यसरी घटि दाखिला रकम वा छुट भएको पारिश्रमिक कर रु. २९५४९.७० असुल गरी राजस्वमा जम्मा गर्नु पर्ने देखिएको छ ।

| सि.न. | पद | नाम थर | तलब | अन्य सुबिधा | कूल आय रकम | छुट पछिको कर योग्य आय | कट्टी गर्नु पर्ने पारिश्रमिक कर |
|---|---|---|---|---|---|---|---|
| १ | सि.डि.ई | श्री मुक्तिराम भट्टराई | २५७६४०। | १०२९४०। | ३६०५८०। | ७६६५२। | ११४९७।८० |
| २ | यो.अ. | श्री तूलाराज सूनूवार | २३१७२०। | ८६२२०। | ३१७९४०। | ३७०३६। | ५५५५।४० |
| ३ | कार्य.अ. | श्री युवराज पोखरेल | २२७४००। | ८५९००। | ३१३३००। | ४७१६०। | ७०७४।०० |
| ४ | कार्या.स. | श्री सानु तामाङ्ग | २२५४८०। | ५४७९०। | २८०२७०। | ३६१५०। | ५४२२।५० |

**कार्यालयको जवाफ-** असूल गर्न पत्राचार गरिएको छ ।

५३ क) यस कार्यालयका स्थानिय विकास अधिकृत श्री चिरीञ्जीवि तिम्सिना १० महिना कार्यरत रहेको र स्थानिय विकास अधिकृत श्री तीर्थराज भट्टराई जेठ देखि कार्यरत रहेकोमा निजहरुको पारिश्रमिक ग्रेड सहित क्रमश २२०५५।- र रु २१४७०।- रहेकोमा मासिक पारिश्रमिक कर कट्टा गरी दाखिला गर्नुपर्नेमा कर कट्टा नगरेकोले श्री चिरिञ्जीवि तिम्सिनाबाट रु ६२९०।६२ र श्री तिर्थराज भट्टराईबाट रु ७५५।३५ कट्टी गरी दाखिला गर्नु पर्नेमा नगरेको रु ७०४७.९७ असुल गरी दाखिला गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** असूलीका लागि पत्राचार गरिसकिएको छ ।

५४ **अग्रिम कर** : आयकर ऐन २०५८ को दफा ८९ मा वासिन्दा व्यक्तिलाई रु ५० हजार भन्दा बढी रकमको भुक्तानी दिंदा भुक्तानीको कुल रकममा १.५% का दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु

पर्ने उल्लेख छ । यस कार्यालयबाट देहायका फर्मलाई एकै पटक रु ५० हजार भन्दा बढी भुक्तानी गर्दा वा विगत १० दिनमा भुक्तानी गर्दा रु ५० हजार भन्दा बढी भुक्तानी भएता पनि अग्रिम आयकर कट्टा नगरी भुक्तानी गर्दा राजस्व रकम छुट हुन गई कम राजस्व दाखिला हुन गएको छ । अत कर रु ८६८०.१२ असुल गरि दाखिला गर्नुपर्दछ ।

| गो.भा.नं | मिति | फर्मको नाम | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर |
|---|---|---|---|---|
| ११७ | २०६९।१२ | श्री कृष्ण स्टेशनरी उद्योग | १६९८००।०० | २५४७।०० |
| ११७ | २०६९।१२ | न्यु कृष्ण स्टेसनरी उद्योग | १३०२००।०० | १९५३।०० |
| १०६ | २०७०।०१।३० | सिता होटेल | ८१६७५।०० | १२२५।१२ |
| १०५ | २०७०।०१।०३ | लक्ष्मी लज एण्ड रेष्टुरेण्ट | ९७०००।०० | १४५५।०० |
| ३८ | २०६८।११।०४ | शुभम स्टोर्स | १०००००।०० | १५००। |
| | | जम्मा | | ८६८०।१२ |

**कार्यालयको जवाफ-** असूलीका लागि पत्राचार गरिसकिएको छ ।

५५ द ग्रेट हिमायलन ट्रेल विकास कार्यक्रम अन्तर्गत आर आर एन र जिल्ला विकास समिति, सोलुखुम्बुको संयुक्त लगानीमा निर्माण हुने पुल (इसब्रिज) निर्माणको लागि सहयोगी संस्था योङ्ग स्टार क्लवले एग्रो इन्जिनियरिङ्ग वर्कसबाट इसब्रिजको सामान रु ८७९८५३।२८ खरिद गरेको विल संलग्न गरी रु १० लाख समपुरक कोष वापतको रकम भुक्तानी गरेको छ । सम्बन्धित संस्थालाई भुक्तानी नगरी सहयोगी संस्थालाई भुक्तानी गर्नु पर्नाको कारण स्पष्ट छैन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

५६ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार रु ३ लाख भन्दा बढिको समान खरिद गर्दा सिलबन्दि दरभाउपत्र आह्वान गरि खरिद गर्नु पर्नेमा उक्त नियमावलि विपरित हुनेगरि आवधिक जिल्ला विकास योजनाको पुस्तक सम्पूर्ण अफिस सप्लायर्स घट्टेकुला काठमाण्डौवाट सोझै छपाई गरि ५ लाख खर्च लेखेकोमा उक्त पुस्तक जिन्सि दाखिला नगरेकोले वास्तविक खर्च यकिन गर्न सकिएन । आयकर ऐन २०५८ को दफा ८९ अनुसार रु.६६३७५० अग्रिम आयकर कट्टा गरि भुक्तानी गर्नुपर्नेमा सो समेत रु ५००००० कट्टा गरेको देखीएन ।

**कार्यालयको जवाफ-** पेश्की फछ्र्यौटको लागि पत्राचार गरिसकिएको ।

५७ कागेल देवीस्थान सडकमा सडक निर्माण कार्य गरेवापत कागेल देविस्थान नेले सिमखर्क उपभोक्ता समितिलाई रु २,००,०००।- भुक्तानी खर्च लेखेकोमा उक्त सडक एक्साभेटर प्रयोग गरी निर्माण गर्ने गरि लागत अनुमान तयार भएकोमा नियमानुसार भाडा कर रु ३९५६।- कट्टी गर्नु पर्नेमा कट्टी नगर्दा राजस्व दाखिला हुन नसकेको रु ३९५६ हुदा असुल गरी राजस्व दाखिला गर्नु पर्ने ।

**कार्यालयको जवाफ-** कर असूलीको लागि पत्राचार गरिसकिएको ।

५८ बाघखोर केरुङ सिसाखोला भित्ताखर्क सडक योजनामा निर्माण कार्य गरेवापत एफ. यु. पि.कन्स्ट्रक्सनलाई मुल्य अभिबृद्धि कर रु ५७,४८७।२२ सहित रु ४,९९,६९६।- भुक्तानी खर्च लेखेको छ । मुल्य अभिबृद्धि कर वापत भुक्तानी गर्दा कर विजकमा मात्र भुक्तानी गर्नु पर्नेमा कर विजक वेगर रु ५७४८७.२२ भुक्तानी गरेको अनियमित देखिएको छ ।

**कार्यालयको जवाफ-** कर विजकको लागि पत्राचार गरिसकिएको छ ।

५९ स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्नेछ भन्ने उल्लेख छ । देहायको गो.भा.न. तथा मितिबाट देहायको खर्च लेखेकोमा विल भरपाई वेगर खर्च लेखेको देखियो । विल भरपाईको अभावमा खर्च पुष्ट्याई गर्न सकिएन । अतः विल भरपाई वेगर खर्च लेखेको रु २५०२२५.३० नियमित देखीएन ।

| गो.भा.न. | मिति | रकम | विवरण |
|---|---|---|---|
| १५३ | २०७०।०३।२० | ४३४४९।३० | विद्युत महशुल |
| २० | २०६९।०८।२२ | ४००००।०० | कार्यालय सामान |

| | | | |
|---|---|---|---|
| ३५ | २०६९।१०।२२ | ७९०१९।०० | विद्युत महशुल, श्रावण - पौष |
| १४५ | २०७०।३।८ | २८५७६।०० | पशुपति पोखरेल जेठ असारको तलव |
| १४५ | २०७०।३।८ | २८५७६।०० | विनोद आचार्य जेठ असारको तलव |
| ८३ | २०७०।१।२५ | १४२८८।०० | विनोद आचार्य बैशाख तलव |
| ६५ | २०६९।१२।२८ | १६३१७।०० | विनोद बस्नेत चैत्र तलव |

**कार्यालयको जवाफ-** हाल विल भरपाई संलग्न छ ।

६० **गा.वि.स.अनुदान (ब.उ.शि.न. ३६५८०२३) तर्फ**

गाउ विकास समिति अनुदान संचालन कार्यविधि २०६७ को दफा १४ (३) मा नेपाल सरकारले जिल्ला विकास समिति मार्फत गाउ विकास समितिमा पठाउने पुजीगत अनुदान रकमबाट अनुसुचि १० मा वर्गिकृत क वर्गका जिल्लामा १% रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला विकास समितिको माग अनुसार जिल्ला विकास समितिको खातामा निकासा गर्ने छ भनि उल्लेख छ । यो वर्ष पुजीगत अनुदानमा निकासा भएको ३,६८,०७,०००। भए अनुसार गा.वि.स.हरुलाई अनुदान गएको रु ३,५१,३५,८६०। को १% ले हुने रु ३,५१,३५८।६० मात्र जि.वि.स.को खातामा दाखिला गर्नु पर्नेमा रु १६,७१,१४०। दाखिला गरेको देखिएको रु १३१९७८१.४० जिविस कोषमा बढी दाखिला भएको देखीएको छ ।

**कार्यालयको जवाफ-** प्राविधिक कर्मचारीहरूलाई पारिश्रमिक उपलब्ध गराउन नपुग भएकोले बढी प्रतिशत दाखिला गरेको छ ।

## केन्द्रियस्तरको बजेट

६१ **पर्यटन रोयल्टी (ब.उ.शि.न. ३२५०११३) तर्फ**

**केन्द्रियस्तरको बजेट :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ (२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रायलले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । यस कार्यक्रमको अख्तियारी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट मिति २०७०।०३।१२ मा मात्र उपलब्ध गराएको देखियो । ढिला अख्तियारी उपलब्ध गराएको कारणबाट निर्माण कार्य हुन नसकी खर्च हुन सकेको देखिएन । अत नियममा व्यवस्था भए अनुसारको समयमा खर्च गर्ने अख्तियारी उपलब्ध गराउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

६२ **निकाशा फिर्ता**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ क मा फ्रिज नहुने भनि तोकिएको उप शिर्षकहरुको हकमा बाहेक अन्य उपशिर्षकमा बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको लागि पर्यटन रोयल्टि शिर्षकमा रु २,७५,२८,९५१ निकाशा भएकोमा उक्त बजेट रकम खर्च हुन सकेको देखीएन । उक्त खर्च हुन नसकेको रकम सम्बन्धमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समेत फिर्ता उपलब्ध गराई दिन पत्राचार गराएको देखियो । तर यस कार्यालयले उक्त रकम जिल्ला विकास कोषको खातामा ट्रान्सफर गरि मौज्दात राखेको छ । यसरी राजश्वमा जम्मा हुनुपर्ने रु २७५२८९५१ जिल्ला विकास कोषमा जम्मा गर्न नमिल्ने देखीएकोले उक्त रकम संचित कोष दाखिला हुनुपर्दछ ।

**कार्यालयको जवाफ-** जि.वि.स.को आन्तरिक श्रोत भएकोले कोष खातामा ट्रान्सफर गरिएको व्यहोरा उल्लेख गरेको छ । आर्थिक वर्षमा खर्च नभई मौज्दात सो रकम नियमानुसार संचित कोषमा दाखिला गर्नुपर्दछ ।

६३ **ब.उ.शि.न. ३६५८०८३ तर्फ**

कागेल देविस्थान नेले सिमखर्क मुकली बर्खुघाट सडकमा सडक निर्माण कार्य गरेवापत मुकली बर्खुघाट सडक निर्माण उपभोक्ता समितिलाई रु २,८५,०००।- खर्च लेखेकोमा उक्त सडक मेशीन प्रयोग गरी निर्माण कार्य गरेकोमा नियमानुसार भाडा कर वापत रु ९१३०।२८ कट्टी गर्नु पर्नेमा कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** कर असूलीको लागि पत्राचार गरिएको छ ।

६४ **<u>ब.उ.शि.न. ३६५०१५३</u>**

**सामाजिक सुरक्षा भत्ता** : यो वर्ष जेष्ठ नागरिक अशक्त, अपांग, लोपोन्मुख जाती, एकल महिला तथा दलित बालबालिका सुरक्षा कार्यक्रमको लागि रु ५८९५९६००।- वार्षिक बजेट अख्तियारी भए बमोजिम रु ५८८३३२००।- निकासा मध्ये सामाजिक सुरक्षा भत्ता वितरण गर्न पेश्की बाकी समेत रु ५८७८३२००।- खर्च भएको छ । उक्त खर्च मध्ये देखिएको व्यहोरा निम्नानुसार छन् ।

६५ बुङ गा.वि.स.ले सामाजिक सुरक्षा भत्ता वितरण गरेको भरपाई अनुसार रु ६,०१,८००।- र चालु खाता दाखिला रु २१००। समेत रु ६२२८००।- पेश्की फछ्र्यौट गरेकोमा चालु खाता दाखिला रु २१०००।- को बैक भौचर पेश नभएको साथै परिचय पत्र नं. १७।१०० का पवै बहादुर कार्कीको उमेर नखुलेको भनि पुर्ण अपाग भत्ता रु ६०००।- रकम नबुझाएको समेत रु २७००० खर्च लेखेको देखिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

**कार्यालयको जवाफ-** दाखिला भौचर हाल श्रेस्ता साथ संलग्न छ ।

६६ छेश्काम गा.वि.ले सामाकि सुरक्षा भत्ता वितरणको रु ५८८०००।- र चालु खाता दाखिला रु २४०००।- समेत रु ६१२०००।- पेश्की पछ्र्यौट गरेकोमा चालु खाता दाखिलाको बैंक भौचर पेश भएको छैन ।

**कार्यालयको जवाफ-** दाखिला भौचर हाल श्रेस्ता साथ संलग्न छ ।

६७ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा १३ (६क) मा गाउ विकास समितिले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा अध्यक्ष वडा नागरिक मञ्च तथा स्थानिय राजनैतिक दल एवं समुदायमा आधारित संघसंस्थाका प्रतिनिधि र स्थानिय भद्रभलादीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरि एक प्रति सम्बन्धित गा.वि.स. कार्यालयको सुचना टाँस गर्ने र एक प्रति लेखापरिक्षणको लागि भरपाई राख्नुपर्ने व्यवस्था छ । कार्यविधिले तोके बमोजिम भत्ता वितरणको मुचुल्का पेश भएको भरपाई संग संलग्न राखेको पाइएन । मुचुल्का नभएबाट खर्चलाई पुष्ट्याई हुने आधार नभएबाट भरपाई संग मुचुल्का समेत पेश गराउने व्यवस्था हुन पर्दछ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

६८ **सामाजिक सुरक्षा पेश्की** : समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को दफा १३ (७) मा उपदफा ६ मा जुनसुकै लेखिएको भएता पनि तेश्रो किस्ता पेश्की लिएको रकम प्रत्येक चालु आर्थिक वर्षको असार २१ गते भित्र गा.वि.सण.ले पेश्की फछ्र्यौटको लागि जि.वि.स.मा पठाउनु पर्ने र जि.वि.स. ले असार २६ गते भित्र पेश्की फछ्र्यौट गरि सक्नु पर्ने व्यवस्था छ । यो वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न विभिन्न गा. वि.स.हरुलाई दिएको पेश्की मध्ये आ.व. अन्त्य सम्म निम्न पेश्की वाकि रहेको रु ४८८१३१००।- कार्यविधिले तोकेको मिति भित्र पेश्की फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.न. | पेश्की मिति | गा.वि.स. | पेश्की बाँकी रकम म्याद नाघेको |
|---|---|---|---|
| १ | २०६९।११।२४ | सल्लेरी | २७१९८००।०० |
| २ | २०६९।११।२४ | तामाखानी | ६३३६००।०० |
| ३ | २०६९।११।२४ | बेनी | १३८१२००।०० |
| ४ | २०६९।११।२४ | टाकसिन्दु | १५५१६००।०० |

| | | | |
|---|---|---|---|
| ५ | २०६९।११।२४ | जुभिङ | १३३८०००।०० |
| ६ | २०६९।११।२४ | चौरीखर्क | १२८१६००।०० |
| ७ | २०६९।११।२४ | भकान्जे | ९०८४००।०० |
| ८ | २०६९।११।२४ | गोली | १६१३४००।०० |
| ९ | २०६९।११।२४ | नाम्चे | १९२९०००।०० |
| १० | २०६९।११।२४ | खुम्जुङ | १८५४६००।० |
| ११ | २०६९।११।२४ | वासा | १८२१६००।०० |
| १२ | २०६९।११।२४ | कांकु | १२३६६००।०० |
| १३ | २०६९।११।२४ | पावै | ७५१८००।०० |
| १४ | २०६९।११।२४ | वाकु | १७२०८००।०० |
| १५ | २०६९।११।२४ | छेस्काम | ७९३८००।०० |
| १६ | २०६९।११।२४ | बुङ | ८८८०००।०० |
| १७ | २०६९।११।२४ | गुदेल | १३८१८००।०० |
| १८ | २०६९।११।२४ | लोखिम | ७२५४००।०० |
| १९ | २०६९।११।२४ | जुवु | २२२४८००।०० |
| २० | २०६९।११।२४ | कागेल | १२३५४००।०० |
| २१ | २०६९।११।२४ | पंचन | ६१८१००।०० |
| २२ | २०६९।११।२४ | गार्मा | १५०९०००।०० |
| २३ | २०६९।११।२४ | नेले | ११९९४००।०० |
| २४ | २०६९।११।२४ | चौलाखर्क | १४०८८००।०० |
| २५ | २०६९।११।२४ | मुक्ली | २१८७०००।०० |
| २६ | २०६९।११।२४ | देउसा | १९३५०००।०० |
| २७ | २०६९।११।२४ | नेचाबतासे | १८४२०००।०० |
| २८ | २०६९।११।२४ | सल्यान | २५९०२००।०० |
| २९ | २०६९।११।२४ | तिङला | १३१९४००।०० |
| ३० | २०६९।११।२४ | नेचाबेतघारी | २१२४६००।०० |
| ३१ | २०६९।११।२४ | गाराखानी | १२९३६००।०० |
| ३२ | २०६९।११।२४ | टाप्टीङ | १५९९०००।०० |
| ३३ | २०६९।११।२४ | केरुङ | ११९५८००।०० |
| | | जम्मा | ४८८१३१००।०० |

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ को दफा १२ (४) मा सामाजिक सुरक्षा कार्यक्रममा निकासा भएको रकम अन्य कुनै शिर्षकमा खर्च गर्न नपाउने व्यवस्था छ । गो.भौ.न. १८ मिति २०७०।०३।२५ बाट नामावली फोटो कपि, बुक वाइडिङ्ग, पट्टा छपाई भनि रु ५०,०००।- खर्च लेखेको छ । कार्यविधि विपरित खर्च लेखेबाट उद्देश्य अनुरुपको कार्यमा खर्च नहुन सक्ने हुनाले यस्तो खर्च प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

**कार्यालयको जवाफ-** सोताङ गा.वि.स.को फछ्र्यौट गरी पेश गरेको र वाँकी पेश्की फछ्र्यौट गरी पेश गरिने छ ।

६९ **ब.उ.शि.न. ३६५८१२३ तर्फ :** सुर्के पोखरी जुवु दिब्दी ऐसेलुखर्क सडक निर्माण गर्न यो वर्ष रु ७०००००।- बजेट अख्तियारी भए बमोजिम रु ७११३२७८६ को लागत अनुमान भएकोमा १०% श्रमदान गर्ने गरी ६४०१९५।- निर्माण समितिलाई भुक्तानी दिने उल्लेख भएको छ । तर निर्माण समिति संग सम्झौता भएको पाइएन । गाउ विकास समिति जुवुको च.न. २१३ मिति २०७०।०२।०५ को सिफारिस पत्रमा यस कार्यालय संग परामर्श गरि सम्झौता नै नगरी काम सम्पन्न गरि सकेको हुदा सभ्भौता गरी वा नगरी रकम विल भरपाईका आधारमा उपलब्ध गराइ

दिन सिफारिस भए अनुसार रु ६६५००।- भुक्तानी खर्च लेखेको देखियो । पेश भएको समरी अफ प्रोजक्ट कस्ट अनुसार अन्तिम विल अनुसार विभिन्न किसिमको माटो काटने कक्षम ८०% एक्स्काभेटरबाट भएको भनि रु २४७८७४।४५ र श्रमबाट रु ३८३६४२।५० र टुल्सको मुल्य रु ११५०९।२८ समेत रु ६४३०२६।२८ र नापी अनुसार रुख झारपात हटाउने कार्यको रु ९०३०। समेत रु ६५२०५६।- को मुल्याङ्कन भएको देखिन्छ । यसमा लागत अनुमान अनुसार श्रमबाट रु ३८३६४२।५० खर्च भएको मा १०% श्रमदान कट्टा गर्नु पर्नेमा सो भएको नदेखिएकोले रु ३८३६४। कटाउदा हुने रु ६१३६९२। मात्र भुक्तानी दिनु पर्नेमा ६६५०००। भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु ५१३०८। असुल हनुपर्दछ ।

**कार्यालयको जवाफ-** असूलीका लागि सम्वन्धित उपभोक्ता समितिलाई पत्रचार गरि सकेको ।

७० आयकर ऐन २०५८ को दफा ८९ मा अग्रिम आयकर कट्टा गरी दाखिला गर्नु पर्ने व्यवस्था छ । हाम्रो प्रयास स्टेशनरी सप्लायर्स, घट्टेकुलोबाट रु १ लाखको सामान खरिद गरेकोमा अग्रिम आयकर रु १५०० कट्टा नगरी भुक्तानी गरेकोले असुल गरि दाखिला गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** असूलीका लागि पत्रचार भै सकेको छ ।

७१ संघियमामिला तथा स्थानिय विकास मन्त्रालयको च.न. ४५ मिति २०६९।१०।१२ को २०६९।०७० को विनियोजन बजेट बाँडफाँड र खर्च गर्ने अख्तियारी पत्र साथ संलग्न योजनाहरुको कार्यक्रम गत विवरण मध्ये पखुवा छोयाङ, बास्थला, खेमपालुङ सडकको लागि रु १० लाख बजेट स्वीकृत भएकोमा उक्त निर्माण कार्य भएको देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७२ जन्मज्योति प्राथमिक विद्यालय नेचा बेतघारीको खेल मैदान निर्माण गरेवापत रु ४७५०००। भुक्तानी खर्च लेखेकोमा नापी किताव कार्य सम्पन्न प्रतिवेदन भुक्तानी माग आदि पेश भएको छैन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७३ **ब.उ.शि.न. ३६५८१५३ (बिकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम)**

**रकम ट्रान्सफर** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३ (क) मा फ्रिज नहुने बजेट उपशिर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकिदिने र त्यसरी फ्रिज नहुने भनी तोको उपशिर्षकहरुको हकमा वाहेक साल तमाम हुन भन्दा कम्तिमा ७ दिन अगाडी आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरि बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस आयोजनाले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रु २५,४०,०००।- जिल्ला विकास समितिको ग-४-३-३०० खातामा ट्रान्सफर गर्दा राजस्व जम्मा हुनु पर्ने रकम अन्य प्रयोजनमा खर्च हुन सक्ने भएकोले उक्त रकम फिर्ता माग गरी संचितकोष दाखिला हुनु पर्दछ । जग्गाको मुआब्जा वितरण कार्य नियमित रुपमा भै रहने हुनाले फ्रिज नहुने खातामा रकम ट्रान्सफर गरिएको व्यवस्थापनको भनाई रहेको छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७४ **श्रोतान्तर** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४५ (२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेट भित्र छ र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्ने निकास दिनु पर्ने व्यवस्था छ । यस आयोजनाको लागि निम्नानुसारको श्रोतबाट व्यहोरिने गरी निम्नानुसार बजेट निकासा भएकोमा रकमान्तर/श्रोतान्तर स्वीकृत बेगर निम्नानुसार बजेट खर्च लेखेको देखियो । स्थानिय निकाय ऐन तथा नियमावलीको प्रावधान बमोजिम श्रोतको व्यवस्था गरी खर्च लेख्नु पर्नेमा स्वीकृत बजेटको परिधि भित्र नवसी खर्च गर्ने र बैदेशिक श्रोतबाट रकम प्राप्त नभएको अवस्थामा नेपाल सरकारको श्रोतबाट भएको खर्च रकमलाई बैंदेशिक श्रोतबाट प्राप्त

भएको जनाई आर्थिक विवरण तयार गर्ने कार्यले बजेट अनुशासनको पालना भएको पाइएन । ओ.फि.ड. को ऋण सहायतामा निकासा भन्दा बढी खर्च देखाएको रु ९,६०,००० नियमित देखिएन ।

| निकासा | | | खर्च | | |
|---|---|---|---|---|---|
| नेपाल सरकार | ए.डि.वि.ऋण | ओ.फि.ड.ऋण | नेपाल सरकार | ए.डि.वि.ऋण | ओ.फि.ड.ऋण |
| १२९५२०१५।० | ७२८८१४०।० | ९०२७७२०।० | १२३२८०१५।० | ६९५२१४०।० | ९९८७७२०।० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७५ **मुआव्जा वितरण** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २५ (९) मा सचिवले सुम्पेको काम र आर्थिक कारोबारको लेखा राख्ने उत्तरदायित्व बहन गरी आर्थिक कारोबारमा निजलाई मद्दत गर्न र प्रचलित कानुन बमोजिम निजको उत्तरदायित्वमा यस नियम बमोजिम रीत पुगे नपुगेको जाँच गरि हिसाव किताव रीत पुर्वक राखी पेश गर्नु पर्ने निकायमा पेश गरि लेखापरिक्षण गराउने कर्तव्य आर्थिक प्रशासन शाखा प्रमुखको हुने उल्लेख छ । यस आयोजनाले यस वर्ष विभिन्न व्यक्तिलाई सडको क्षेत्र भित्र परेको जग्गाको मुआव्जा वापत यस कार्यक्रमबाट रु ३०,६९,१९४। र जिविसले वितरण गरेको रु २,३८,१४१ समेत रु ३३,०७,३३५।- भुक्तानी दिएकोमा मुआव्जा वितरण गरेको जग्गाको दाखिला खारेज गरेता पनि उक्त जग्गाको जग्गा धनी पुर्जा आयोजनाले प्राप्त गरेको देखिएन । यसरी जग्गाधनी पुर्जा आयोजनाको नाममा प्राप्त नै नभएको अवस्थामा मुआव्जा रकम वितरण गरको नियम संगत देखिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७६ **पेश्की** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८५ मा स्थानिय निकायले मालसामान खरिद गर्न, सेवा उपलब्ध गर्न वा निर्माण सम्बन्धि कामको लागि कुनै व्यक्ति, फर्म वा संस्थालाई पेश्की दिन सक्ने व्यवस्था छ । पेश्की दिनु पर्ने ठेक्काको कबुलियतनामा गर्दा काम तामेल हुनु पर्ने भनि तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक १० प्रतिशतका दरले सावा र व्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख गर्नु पर्ने व्यवस्था छ । यस आयोजनाले निर्माण कार्यको लागि निम्नानुसारका ठेक्केदारलाई पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुरुप पेश्की रु ८७१६००० फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।

| सि.न. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| १ | २०७०।०३।२८ | रौताहा कन्ट्रक्सन | ४१,८०,०००।०० |
| २ | २०७०।०३।२८ | डाफे/टक्सार/कालिक जे.भि. | ४५,३६,०००।०० |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७७ <u>**ब.उ.शि.न. ३६५८०९३ (झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम**</u>

**१) बढी भुक्तानी** : किन्जा खोला झोलुङ्गेपुल निर्माण आयोजनाको लागि जिल्ला विकास समितिको योगदान रु ६५,७११।२३ र Swap Central Contribution नगद सहयोग NGO को भुक्तानी बाहेक रु १४,१७,८६८।०८ सहित जम्मा रु १४,८३,३९७३१ को लागत अनुमान

स्वीकृत भएकोमा जिल्ला विकास समितिको योगदान र फ्रेविकेशन सामान वापत तथा Swap को नगद योगदान समेत यस योजनाको लागि जम्मा रु १५७६२८८।५० भुक्तानी दिएको देखियो । यसरी लागत अनुमान बमोजिम उपभोक्ता संग सम्झौता भएकोमा सम्झौता भन्दा बढी खर्च लेखेको रु ९२७०९.१९ असुल गर्नु पर्ने देखियो ।

**कार्यालयको जवाफ-** असुलीका लागि पत्रचार गरिसकेको छ ।

७८ २) **कार्य सम्पन्न प्रतिवेदन** : उपभोक्ता समिति मार्फत कार्य गराउदा सम्झौतामा तोकिएको शर्त र अवधी भित्र कार्य सम्पन्न गर्न गराउनु पर्दछ । यस वर्ष विभिन्न स्थानमा जम्मा ११ वटा झोलुङ्गेपुल निर्माणको लागि उपभोक्ता समिति संग सम्झौता भएकोमा जम्मा ३ वटा झोलुङ्गेपुल मात्र निर्माण सम्पन्न भै कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम किस्ता भुक्तानी भएको छ । सम्पन्न हुन बाँकी ८ वटा झोलुङ्गेपुलको निर्माण कार्य चालु रहेको कार्यालयले जनाएको छ । सम्झौता बमोजिम समयमा नै कार्य सम्पन्न गर्ने गराउने र उपभोक्ता समितिलाई भुक्तानी दिएको रकमको हिसाब राफसाफ गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

७९ **३) पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फछ्र्यौट गनै वा गराउनु पेश्की लिने दिने दुबैको थरीको कर्तव्य हुने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत झोलुङ्गेपुल निर्माणको लागि निम्नानुसारका उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त सम्म पनि फछ्र्यौट भएको देखिएन । उपभोक्ता संग भएको संभौता बमोजिम कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भै सक्दा पनि निर्माण कार्य सम्पन्न गरी रु ७३५००० पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम पेश्की फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

| सि.न. | पेश्की दिएको मिति | पेश्की लिने उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| १ | २०६९।०४।०१ | ठाडो कोशी झोलुङ्गेपुल उपभोक्ता समिति | २०००००।०० |
| २ | २०६९।११।१० | ग्राङवले झोलुङ्गेपुल उपभोक्ता समिति | १५००००।०० |
| ३ | २०६९।११।१० | फुर्चे दोभान झोलुङ्गेपुल उपभोक्ता समिति | १५००००।०० |
| ४ | २०६९।११।२३ | मोपुङ खोला झोलुङ्गेपुल उपभोक्ता समिति | २३५०००।०० |
| | | जम्मा | ७३५,०००।०० |

**कार्यालयको जवाफ-** पेश्की रकम अविलम्व फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८० **ब.उ.शि.न. ३६५८१४३ (ग्रामिण पहुच सुधार तथा विकेन्द्रिकरण)**

**१) बढी पेश्की** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२१ मा वोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौतामा आपुर्तिकता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई पेश्की दिदा स्थानिय निकायले खरिद सम्झौता रकमको २० प्रतिशत भन्दा बढी हुने गरी पेश्की दिन नहुने व्यवस्था छ । यस कार्यालयले विभिन्न गा.वि.स.मा निर्माण गरिने झोलुङ्गेपुलहरुको स्टील पार्ट्स, फेव्रिकेशन तथा ढुवानी कार्यको लागि ठेकेदार जुनकिरि इण्डष्ट्रीज प्रा.लि. संग मु.अ.कर बाहेक रु ६१,९६,८३९।२३ मा मिति २०७०।०३।२७ मा ठेक्का सम्झौता गरेकोमा नियममा व्यवस्था भए बमोजि सम्झौता रकमको २० प्रतिशतले हुने रु १२,३९,३६७८४ सम्म पेश्की दिन सकिनेमा सम्झौता रकमको ३९.०२ प्रतिशतले हुने रु २४,१८,०००।- पेश्की उपलब्ध गराएको देखियो । बजेट फ्रिज हुने कारणले ठेकेदारलाई नियम विपरित पेश्की गराई ठेकेदारलाई अतिरिक्त सुविधा उपलब्ध गराएको देखियो । यसरी बजेट फ्रिज हुन नदिने उद्देश्यले ठेकेदारलाई अतिरिक्त सुविधा उपलब्ध गराएकोले बढी पेश्की

दिएको रकममा व्याज समेत असुल गरी पेश्की रकम फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

**कार्यालयको जवाफ-** पेश्की रकम अविलम्व फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८१ **ब.उ.शि.न. ३६५८३१३ (स्थायिन स्तरका सडकपुल तथा सामुदायिक पहुच सुधार कार्यक्रम)**

**१) पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) यस नियमावलीमा तोकिएको म्याद भित्र कार्यविधि अपनाई फर्छौट गर्ने वा गराउनु पेश्कि लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । यस कार्यालयले बोल्दोक पुल निर्माण कार्यको लागि ठेकेदार अमर कन्ट्रक्सन प्रा.लि. संग मु. अ. कर बाहेक रु.३१७१९३७३।५० मा मिति ०६९/३/२४ मा ठेक्का सम्झौता भएको मा नियममा व्यवस्था भए बमोजिम ठेकेदारलाई यो बर्ष उपलब्ध गराएको रु १०००००। ०० फर्छौट हुन बाँकी रहेको देखीयो । नियममा व्यवस्था भए बमोजिक पेश्कि फर्छौट गराउने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

**कार्यालयको जवाफ-** पेश्की रकम अविलम्व फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८२ **२) सापटी फिर्ता :** यस कार्यक्रममा गत वर्ष बजेटको अभावले पर्यटन रोयल्टी शिर्षकबाट रु २०,००,०००।- सापटी प्राप्त गरी ठेकेदार अमर कन्ट्रक्सनलाई पेश्की उपलब्ध गराएकोमा यो वर्ष सापटी फिर्ता भनि रु २०,००,०००।- बजेट फिर्ता लेखेको छ ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

८३ **ब.उ.शि.न. ३६५०१६३ (स्थानिय पुर्वाधार विकास तथा कृषि सडक विभाग)**

१) कार्य सम्पन्न प्रतिवेदन : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार उमभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउदा उपनियम २ र ३ बमोजिम खरीद सम्झौता भए पछि कार्यालयले उपभोक्ता समितिलाई सम्झौता रकमको निर्माण कार्य अनुसार विल भरपाई भुक्तानी गर्दा प्राविधिक मुल्याङ्कन, विल भरपाई तथा खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले भिमसेन स्थान सिचाई संरक्षण आयोजना मर्मत कार्यको लागि रु १,९०,०००।- भुक्तानी दिएकोमा उपभोक्ताले खर्च भएको विल भरपाई तथा प्राविधिकले कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको अवस्थामा भुक्तानी खर्च लेखेको देखियो । यसरी नियम बमोजिम संलग्न गर्नुपर्ने खर्चका प्रमाण बेगर खर्च लेख्न नमिल्ने देखिएकोले यस तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

**कार्यालयको जवाफ-** पेश्की रकम अविलम्व फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८४ **ब.उ.शि.न. ३६५१०१३ (गुम्वा तथा बिकास समिति)**

**१) पेश्की :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) मा यस नियमावलीमा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिन दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । यस कार्यक्रम अन्तर्गत गुम्बा मर्मत कार्यको लागि चौरीखर्क गा.वि.स. लाई रु ९५,०००।- पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट भएको देखिएन । नियमावलीमा व्यवस्था भए बमोजिम पेश्की फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जान जरुरी देखियो ।

**कार्यालयको जवाफ-** पेश्की रकम अविलम्व फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८५ **ब.उ.शि.न. ३६५८०४३ (ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम)**

**१) विलभरपाई :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ (५) मा आफुले जिम्मा लिएको रकम र त्यसको हिसा किताब विल भरपाई वा प्रमाण आर्थिक प्रशासन शाखा प्रमुख द्वारा राख्न लगाउने उत्तरदायित्व अधिकार प्राप्त अधिकारीको हुने उल्लेख छ ।

खानेपानी तथा सरसफाई तालिम सञ्चालन गर्न लेखापाल चेतथान कडेलको नाममा दिएको पेश्की रु २,५०,०००।- विल भरपाई विना नै फछ्र्यौट गरेको देखियो । यसरी विलभरपाई वेगर नै पेश्की फछ्र्यौट गरको रकम असुल फछ्र्यौट गर्नुपर्दछ ।

**कार्यालयको जवाफ-** पेश्की रकम फछ्र्यौटका लागि पत्राचार गरिसकिएको छ ।

८६ २) **<u>कर :</u>** स्थानिय निकाय आर्थिक प्रशासन नियमवली २०६४ को नियम ४६ (३) मा सम्बन्धित बजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस कार्यक्रम अन्तर्गत निम्नानुसारका गो.भौ. र मितिबाट विभिन्न व्यक्ति तथा फर्मबाट नियमानुसार कट्टा गरको कर रकम दाखिला खर्च लेखेकोमा कर दाखिलाको बैङ्क भौचर लेखापरिक्षणमा पेश भएन । यसरी बैङ्क दाखिला भएको प्रमाण वेगर कर दाखिला रु ४२७४२ वापत खर्च लेख्न मिल्ने देखिएन ।

| गो.भौ. | मिति | कर रकम |
|---|---|---|
| ५ | २०६९।०९।२२ | १९९८। |
| ३८ | २०७०।०३।२३ | ७३८०। |
| ५९ | २०७०।०३।२५ | ३३३६४। |
| | **जम्मा** | ४२७४२। |

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

८७ ३) **तालिम खर्च** : स्थायिन निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ (५) मा आफुले जिम्मा लिएको रकम र त्यसको हिसाब, किताव, विल, भरपाई वा प्रमाण आर्थिक प्रशासन शाखा प्रमुख द्वारा राख्न लगाउने उत्तरदायित्व अधिकार प्राप्त अधिकारीको हुने उल्लेख छ । Management Trading and Environment लाई तालिम संचालन खर्च वापत रु ४१,२०५।- भुक्तानी दिएकोमा तालिममा सहभागीको नाम तथा विल भरपाई पेश नभएकोले उक्त खर्च यकिन गर्न सकिएन ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

८८ **आन्तरीक नियन्त्रण** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९५ ले सबै सरकारी कार्यालयले आफु र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितब्ययी, दक्ष र प्रभाबकारी ढंग बाट सम्पादन गर्न बित्तिय प्रतिबेदन प्रणाली लाई बिश्वसनीय बनाउन एबं प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तरीक नियन्त्रण प्रणाली तयार गरी उक्त नियम प्रारम्भ भएको १ बर्ष भित्र लागु गरिसक्नुपर्ने ब्यबस्था छ । यस कार्यालयले आफ्नो आन्तरीक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । मिति २०६९ माघ २९ गते राजपत्रमा प्रकाशित परिबर्तित पेश्की बिबरण(म.ले.प. फाराम नं. १४), बार्षिक आर्थिक बिबरण(म.ले.प.फाराम नं. १७), बैदेशिक स्रोत समाबेश भएको बार्षिक आर्थिक बिबरण(म. ले.प. फाराम नं. २०८) संक्षिप्त आर्थिक तथा कार्यसम्पादन प्रतिबेदन(म.ले.प.फा.नं.२११) कार्यान्वयनमा ल्याएको छैन । प्रचलित कानुनमा ब्यबस्था भएका जिन्सि सामानको मूल्य खुलाई आम्दानी बाँध्नुपर्ने, कार्यालयलाई भविश्यमा आइपर्ने सम्भावित जोखीमहरुको पहिचान गरि निराकरणका उपायहरु समेत उल्लेख गरि प्रतिवेदन तयार गर्नुपर्ने जस्ता कार्यहरु सम्पादन गरेको देखिएन । आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको कारण कार्यालयले आफ्नो कामको प्रकृति अनुरुप प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कार्य प्रभाबकारी रुपमा सम्पादन गर्न सकेको देखिएन । कार्यालयले आफ्नो कामको प्रकृति अनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी प्रभाबकारी रुपमा कार्यान्वयन गर्नु पर्ने जरुरी देखियो ।

**कार्यालयको जवाफ-** जवाफ प्राप्त नभएको ।

८९ **लेखापरीक्षकको राय** – हाम्रो रायमा लेखापरीक्षणबाट देखिएका उपरोक्त व्यहोराले वित्तीय विवरणमा सारभूत रुपमा असर पार्ने बाहेक जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बु वित्तीय विवरणले ३१ आषाढ २०७० को आर्थिक स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाले नेपाल सरकार र स्थानीय निकायको लेखा पद्धति र नीति अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(बाबुराम गौतम)
नायव महालेखा परीक्षक

अनुसूची - १

## एकिकृत आय - व्ययको स्थिति

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवा/ी | विव/ण | यस वर्ष /कम रु | यस वर्षको जम्मा रु. | गत वर्ष /कम रु | विव/ण | यस वर्ष /कम रु |
| | **१. नेपाल सरकारको अनुदान** | | **८४२२३०००।००** | | **२.नेपाल सरकारको अनुदान** | **८४२२३०००।००** |
| ०।०० | क जि.वि.स. अनुदान चालु/पुजिगत | ३३२२३०००।०० | ३३२२३०००।०० | | क जि.वि.स. अनुदान चालु/पुजिगत | ३३२२३०००।०० |
| ०।०० | ख गा.वि.स. अनुदान चालु/पुजिगत | ५१००००००।०० | ५१००००००।०० | | ख गा.वि.स. अनुदान चालु/पुजिगत | ५१००००००।०० |
| | **२. आन्तरीक स्रोत** | **५७९६१३१९।२८** | **८६२२४४२४।६१** | | **२. आन्तरीक स्रोत** | **४१२८८८३९।७२** |
| ११६१००।५९ | क कर, दस्तुर, सेवा शुल्क भाडा | ७४४२५८।०० | ८६०३५८।५९ | | क कर, दस्तुर, सेवा शुल्क भाडा | ८५५२१०।०० |
| ५८०९२१।८६ | खं मालपोत रजिष्ट्रेशन | ८७८८४७९।०० | ९३६९४००।८६ | | खं मालपोत रजिष्ट्रेशन | ९२०१५३५।०० |
| १२४९०२२०।१२ | ग पर्यटन रोयल्टी | २७५२८९५१।०० | ४००१९१७१।१२ | | ग पर्यटन रोयल्टी | ११७२२२२७।०० |
| (२७५३२।०० | ङ गा.वि.स. कन्टेन्जेन्सी | १८१८९४०।०० | १७९१४०८।०० | | ङ गा.वि.स. कन्टेन्जेन्सी | १७३६४४३।०० |
| २८८००००।०० | च मर्मत सम्भार कोष | २६७१८५।०० | ३१४७१८५।०० | | च मर्मत सम्भार कोष | २४०६४७६।०० |
| २७१२३१८।७६ | छ कर्मचारी कल्याण कोष | ४५६०३०।०० | ३१६८३४८।७६ | | छ कर्मचारी कल्याण कोष | १९६७०३९।०० |
| ३५६७१७।०० | ज धरौटी जिविस | ११४१५३५।५७ | १४९८२५२।५७ | | ज धरौटी जिविस | ६५४५।०० |
| ८८१३८०।०० | झ धरौटी ड्रिलीप | ८८७२३।०० | ९७०१०३।०० | | झ धरौटी ड्रिलीप | ०।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (८४८४०।०० | ञ गा.वि.स. प्रोफायल | ०।०० | (८४८४०।०० | | ञ गा.वि.स. प्रोफायल | ४८००००।०० |
| ५४१३४६४।०० | ट खुम्जुङ खानेपानी | ०।०० | ५४१३४६४।०० | | ट खुम्जुङ खानेपानी | ५२७३३४०।०० |
| २९४४३५५।०० | ठ ड्रिलीप को क्षतिपूर्ति | २५४००००।०० | ५४८४३५५।०० | | ठ ड्रिलीप को क्षतिपूर्ति | ३२७१४१।०० |
| ० | ड जिल्ला उर्जा ड.इ.एफ | १२१७५९५४।९२ | १२१७५९५४।९२ | | ड जिल्ला उर्जा डि.इ.एफ | ४९७१४०५।०० |
| ० | ढ जिल्ला उर्जा चालु | ७९२४३३।१८ | ७९२४३३।१८ | | ढ जिल्ला उर्जा चालु | ८३९५०४।८७ |
| ० | ण जिल्ला उर्जा पूजीगत | ८७२१२०।४१ | ८७२१२०।४१ | | ण जिल्ला उर्जा पूजीगत | ८३३८९६।०० |
| ० | त जिल्ला उर्जा यु.एन | ७४६७०९।२ | ७४६७०९।२ | | त जिल्ला उर्जा यु.एन | ६६८०७७८५ |
| | **३. केन्द्रिय वजेट शिर्षक अन्तर्गत निकासा रकम** | | **१६८६००२८३।** | | **३. केन्द्रिय वजेट शिर्षक अन्तर्गत खर्च रकम** | **१६८६००२८३।००** |
| ०।०० | दलित उत्थान कार्यक्रम | | २४२६००।०० | | दलित उत्थान कार्यक्रम | २४२६००।०० |
| ०।०० | पर्यटन रोयल्टी | | २७५२८९५१।०० | | पर्यटन रोयल्टी | २७५२८९५१।०० |
| ०।०० | गुम्वा | | २५००००।०० | | गुम्वा | २५००००।०० |
| ०।०० | जनसहभागिता | | ३४२३७३७।०० | | जनसहभागिता | ३४२३७३७।०० |
| ०।०० | ग्रामिण खानेपानी | | ६१६६४४२।०० | | ग्रामिण खानेपानी | ६१६६४४२।०० |
| ०।०० | झोलुङ्गे पुल | | ४९०००००।०० | | झोलुङ्गे पुल | ४९०००००।०० |
| ०।०० | सामाजिक सुरक्षा | | ५८८३३२००।०० | | सामाजिक सुरक्षा | ५८८३३२००।०० |
| ०।०० | साना सिंचाई | | १९०००००।०० | | साना सिंचाई | १९०००००।०० |
| ०।०० | कृषि सडक चालु | | ४३०००००।०० | | कृषि सडक चालु | ४३०००००।०० |
| ०।०० | वोल्दोक पुल | | १००००००००।०० | | वोल्दोक पुल | १००००००००।०० |
| ०।०० | युवा साझेदारी | | ६१२०००।०० | | युवा साझेदारी | ६१२०००।०० |
| ०।०० | एल-जि-सि.डि.पी | | १४५६६८६७।०० | | एल-जि-सि.डि.पी | १४५६६८६७।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०।०० | ग्रामिण पहुच सुधार तथा विकेन्द्रिकरण कार्यक्रम | | ३७३९१६३।०० | | ग्रामिण पहुच सुधार तथा विकेन्द्रिकरण कार्यक्रम | ३७३९१६३।०० |
| ०।०० | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | | २००००००।०० | | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २००००००।०० |
| ०।०० | ड्रिलीप | | २९४६३२७७।०० | | ड्रिलीप | २९४६३२७७।०० |
| ०।०० | अर्थ वजेट | | ६१२०४६।०० | | अर्थ वजेट | ६१२०४६।०० |
| ०।०० | रोयल्टी व्यवस्थापन | | ६२०००।०० | | /३.ीयल्टी व्यवस्थापन | ६२०००।०० |
| | | | | | **वैक मौज्दात** | **४४९३५५८४।८९** |
| | | | | | **३. आन्तरीक स्रोत** | |
| | | | | | क कर, दस्तुर, सेवा शुल्क भाडा | ५१४८।५९ |
| | | | | | खं मालपोत रजिष्ट्रेशन | १६७८६५।८६ |
| | | | | | ग पर्यटन रोयल्टी | ५५२९९३।१२ |
| | | | | | ङ गा.वि.स. कन्टेन्जेन्सी | ५४९६५।०० |
| | | | | | च मर्मत सम्भार कोष | ७४०७०९।०० |
| | | | | | छ कर्मचारी कल्याण कोष | १२०१३०९।७६ |
| | | | | | ज धरौटी जिविस | १४९१७०७।५७ |
| | | | | | झ धरौटी ड्रिलीप | ९७०१०३।०० |
| | | | | | झ गा.वि.स. प्रोफायल | (५६४८४०।०० |
| | | | | | ञ खुम्जुङ खानेपानी | १४०१२४।०० |
| | | | | | ट-नया रोयल्टी | २४६२८४७२।०० |
| | | | | | ठ- ड्रिलीप को क्षतिपूर्ति | ५१५७२१४।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ड ं जिल्ला उर्जा डि.इ.एफ | ७२०४५४९।९२ |
| | | | | | ढ ं जिल्ला उर्जा चालु | (४७०७१।६९ |
| | | | | | ण ं जिल्ला उर्जा पूजीगत | ३८२२४।४१ |
| | | | | | त जिल्ला उर्जा यु.एन.डि.पी | ७८६३१।३५ |
| | | | | | थ सापटी गएको | ३११५४७९।०० |
| | | | | | द कर र धरौटी दाखिलागर्न वाकी | ०।०० |
| २८२६३१०५।३३ | **जम्मा** | | ३३९०४७७०७।६१ | | **जम्मा** | ३३९०४७७०७।६१ |